

राजा–सूर्यः

श्री शालिवाहनीय शाके १९४७
सृष्टितोगताब्दा १,९५,५८,८५१२६
नेपाल सम्वत् ११४५–११४६



कलेर्गताब्दा ५१२६
इशवीय सन् २०२५–२०२६
सिद्धार्थीनामसंवत्सर ५३




मन्त्री–चन्द्रः

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिबाट स्वीकृत

कश्यप पञ्चाङ्ग

विक्रम सम्वत् २०८२



माता स्व. बत्तिसरा. पिता कृष्णप्रसादश्य पुत्र
ज्यो. प. खगेन्द्र प्रसाद अधिकारी
पञ्चाङ्गकर्ता





मूल्य रू. १३०/-

कश्यप ज्योतिष तथा वास्तु परामर्श केन्द्र सम्पर्क नं.: ९८४८०५०१५३, ९८४८०६९५९५ इमेल : khagendra66@gmail.com

गुरू ब्रह्मा गुरू विष्णु गुरू देवो महेश्वर:
गुरू साक्षात परब्रह्म तस्मै श्री गुरूवे नम: ।

माता सरस्वती शरणम्



या कुन्देन्दुतुषारहारधवला या शुभ्रवस्त्रावृता
या वीणावरदण्डमण्डितकरा या श्वेतपद्मासना ।
या ब्रह्माच्युत शंकरप्रभृतिभिर्देवै: सदा वन्दिता
सा मां पातु सरस्वती भगवती नि:शेषजाड्यापहा ॥

शुक्लां ब्रह्मविचार सार परमामाद्यां जगद्व्यापिनीं
वीणा-पुस्तक-धारिणीमभयदां जाड्यान्धकारापहाम् ।
हस्ते स्फटिकमालिकां विदधती पद्मासने संस्थिताम्
वन्दे तां परमेश्वरीं भगवती बुद्धिप्रदां शारदाम् ॥

कश्यप पञ्चाङ्ग

संरक्षक
आचार्य लक्ष्मण पन्थी

गणित सल्लाहकार
ज्यो. प. गोविन्द सापकोटा
(महाकालेश्वर पञ्चाङ्ग सारिणीकर्ता, खगोलविद)

सल्लाहकारहरु
ज्यो. प. नारायण प्रसाद नेपाल (गौरीशंकर पञ्चाङ्गकार)
ज्यो. विनानाथ पण्डित
ज्यो. प. डा. गौरीशंकर शर्मा
ज्यो. प. यामप्रसाद अधिकारी
ज्यो. प. विकास पौडेल

पञ्चाङ्गकर्ता
ज्यो. प. खगेन्द्रप्रसाद अधिकारी

प्रकाशक
कश्यप ज्योतिष तथा वास्तु परामर्श केन्द्र
वीरेन्द्रनगर, सुर्खेत

विशेष सहयोगी
प. नारायणप्रसाद तिमिल्सेना
पूर्णदेव अधिकारी

आवरण डिजाइन
मुना डिजाइन सेन्टर, सुर्खेत
(९८५८०८१९३१)

मुद्रण
लुना क्रियशन
काठमाडौं (९८५११४३६१८)

प्रकाशकीय

मानव जीवनका लागि उपयोगी एक मात्र शास्त्र हो, ज्योतिषशास्त्र। वेदको अङ्गको रुपमा रहेको ज्योतिषशास्त्रमा खगोलको अध्ययन गरिन्छ। जसले गर्दा मानव जीवनमा हुने शुभाऽशुभ कर्महरुमा सुख र दुःखरुपी तरंगले उतार चढाव गराउने क्रम ग्रहाऽधिन रहेको हुन्छ। जुन तथ्यलाई दृष्टिगत गर्ने एक मात्र शास्त्र ज्योतिषशास्त्र हो। यसलाई धर्म र सम्प्रदायसँग मात्र जोडेर हेर्ने हो भने न्याय सम्मत हुँदैन। आकाशमा चन्द्र र सूर्य विराजमान रहेसम्म ज्योतिषशास्त्र जीवन्त रहने कुरामा सन्देह छैन। ज्योतिषशास्त्रले नै ब्रह्माण्डको अध्ययन गरी तिथि, वार, नक्षत्र, योग र करणको साधना पश्चात् यसले निर्दिष्ट गरेअनुसार चाड, पर्व, व्रत, उत्सव, संस्कार आदि कार्यको निर्णय गरेर मार्गदर्शन गर्दछ। जसका लागि पञ्चाङ्ग गणना अनिवार्य छ। अतः पञ्चाङ्ग सरल ढङ्गबाट तयार पारिनुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ। यसै क्रममा वि.सं. २०८२ सालको पञ्चाङ्ग तपाईंहरुका माझ अर्पण गर्ने जमर्को गरेका छौ। यहाँहरुको माया, स्नेह, सद्भाव, सुझावसँगै अग्रजहरुको मार्गदर्शन अनुसार अगाडि बढ्नु हाम्रो कर्तव्य हो।

नेपालको राजधानी काठमाडौंको अक्षांश र देशान्तरलाई मानकका रुपमा अनुशरण गर्दै ज्योतिष विधाको संरक्षण र सम्वर्धन गर्ने कार्यमा समर्पित छौ। गुरू ज्यो. दिनानाथ पण्डित एवम् शुद्धाशुद्धीमा सहयोग गर्नुहुने आदरणीय गुरू प. तिलकप्रसाद रिजाल र नारायणप्रसाद तिमिल्सेनाप्रति आभार। गणित सल्लाहकारको भूमिका निर्वाह गरी अतुलनीय सहयोग गर्नु हुने खगोलविद् श्रीराधे गोविन्द गुरूदेवलाई सादर प्रणाम। कश्यप पञ्चाङ्गको संरक्षणत्व ग्रहण गरिदिनु हुने गुरू आचार्य लक्ष्मण पन्थीप्रति हार्दिक आभार। हामीलाई प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने सबैमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै पाठक, प्रयोगकर्ता र विज्ञापनदाताहरुलाई हार्दिक धन्यवादसहित नववर्ष २०८२ सालको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दै कश्यप पञ्चाङ्ग आम पाठकका बाहुलीमा अर्पण गर्दछौ।

ज्यो.पं. यामप्रसाद अधिकारी
सल्लाहकार, कश्यप पञ्चाङ्ग



नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति
काठमाडौं, नेपाल

प.सं. : ०८१/८२
च.नं. : ६६
मिति : २०८१।११।४

स्वीकृति र शुभकामना

समस्त चाड पर्व, व्रत, उत्सव, यात्रा, ग्रहको उदय, अस्त वक्र, मार्ग, ग्रहण आदिको निदेर्शिका भनेको पात्रो हो। पात्रो निर्माण गर्दा ग्रह गणनाको सूत्र र सूत्रको मर्म समेतलाई विचार गर्नुपर्दछ। यस्तो पञ्चाङ्ग गणनाको प्रक्रियालाई पुराना अनुभवी पञ्चाङ्गकारहरुमा मात्र सीमित गर्दा भविष्यमा राम्रो पञ्चाङ्ग गणना गर्ने नयाँ जनशक्तिको अभाव समेत हुन जाने देखिन्छ। उक्त सन्दर्भमा पञ्चाङ्ग निर्माण प्रक्रियालाई नयाँ पिढीका पञ्चाङ्कारहरुलाई हस्तान्तर गर्नु पनि आजको आवश्यकता हो। यही विषयवस्तुलाई आधार मानी नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको मिति २०८१।१०।२० को निर्णयका आधारमा वि.सं. २०८२ सालको पात्रो प्रकाशन गर्न पाउँ भनी पहिलो पटक निवेदन दिनु हुने नयाँ पञ्चाङ्गकार **श्री खगेन्द्रप्रसाद अधिकारीलाई** नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले तोकेको र निर्णय गरेको पञ्चाङ्गको घडी, पला, चार्डपर्व, ग्रहको स्पष्टीकरण, वक्र, मार्ग, उदय, अस्त, ग्रहण, विवाह, व्रतबन्ध आदिको शुभमुहूर्तमा फरक नपारी वि.सं. २०८२ देखि २ वर्षको परीक्षणकाल मा धर्म, संस्कार र संस्कृतिलाई आघात पर्ने र विवादित विषयवस्तुहरु पञ्चाङ्गमा समावेश गर्न नपाउनेगरी **वि.सं. २०८२ को कश्यप पञ्चाङ्गलाई** प्रकाशनको स्वीकृति प्रदान गरीएको छ। नयाँ पञ्चाङ्गकारद्वारा निर्मित नयाँ पञ्चाङ्ग प्रकाशनको शुभोपलक्ष्यमा समस्त नेपाली दाजुभाइ दिदी, बहिनीमा नयाँ वर्ष वि.सं. २०८२ सालको हार्दिक शुभकामना समेत व्यक्त गर्दछु।

प्रा. श्रीकृष्ण अधिकारी
(अध्यक्ष)

फोन : ०१-४५१९०९३
E-mail: info@npns.gov.np./npns2025@gmail.com/www.npns.gov.np

विषय-सूची

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको सूचना

पञ्चाङ्गमा समावेश भएका विषयवस्तुमध्ये पञ्चाङ्गका घडी पला, घण्टा मिनेट, चाडपर्वहरु, विवाह व्रतबन्ध मुहूर्तहरु, सक्रान्तिफल, आय व्यय, विषुवतफल, जगल्लग्नफल, वर बधुमेलापक सारिणी, प्रथम दशम लग्न सारिणी, साप्ताहिक ग्रहस्पष्ट, दैनिक लग्न सारिणी, दैनिक ग्रहस्पष्ट, उदयास्त, पादचार, पापांशा, पापर्क्षाणी, अग्नी रुद्री जुर्ने, गृहारम्भ, गृहप्रवेश, अन्नप्राशन, दोकान खोल्ने, न्वागी खाने, मुठी लिने मुहूर्त, सर्वार्थसिद्धि योगहरु, अवकहडाचक्र, संस्कृत वर्षफल र विंशोपका समितिमा छलफल भई निर्णय भएका विषय हुन् । यी बाहेक अन्य विषयवस्तुहरु समितिमा निर्णय नभएका चाडपर्वहरु र छपाईमा फरक परेमा स्वयं पञ्चाङ्गकार जिम्मेवार हुनुहुनेछ । पञ्चाङ्गमा उल्लेखित चाडपर्वहरु शास्त्र र परम्पराका आधारमा निर्णय भएका हुन् । यसभन्दा फरक दिन मनाउने परम्परा भएका व्यक्ति वा समुदायले आफ्नो परम्परा अनुसार चाडपर्व मनाउन सक्नेछन् ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको सूचना

यस नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको गठन आदेश २०७७ को दफा ७ को उपदफा (ञ) र (ठ) अनुसार समितिको स्वीकृतिविना पञ्चाङ्ग तथा क्यालेण्डर प्रकाशन गर्न नपाइने भएको हुँदा प्रकाशन गर्न चाहने व्यक्ति वा संस्थाहरुले नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिबाट स्वीकृति लिएर मात्र प्रकाशन गर्नुहोला । अन्यथा आवश्यक कारवाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको अनुरोध

क) पञ्चाङ्गमा उल्लेखित विभिन्न मुहूर्त र लग्नलाई अन्यथा गरि गरिने कुनैपनि कृत्य अशास्त्रीय र विपरित फलदायक हुने भएकाले यस्तो कार्य नगर्ने र नगराउने ।

ख) गुरु शुक्रको बाल्य बार्धक्य, अस्त, विश्वघस्रपक्ष एवं मलमास र क्षयमास आदिमा सप्ताह, नवाह, यज्ञ, व्रतप्रतिष्ठा आदि शुभकार्य नगर्ने नगराउने ।

ग) श्रीपञ्चमी, विवाहपञ्चमी, अक्षयतृतीया आदिका शुभदिनमा विवाह व्रतबन्ध आदिको शुभसाइत पञ्चाङ्गमा उक्त दिन नपरेमा शुभकार्य नगर्ने नगराउने ।

घ) शास्त्रवर्जित समयमा गरेका धार्मिक कृत्यहरुबाट पुण्यफल प्राप्त नहुने हुँदा कर्म गर्ने गराउने व्यक्तिहरु सबै सचेत रहनुहुन अनुरोध गरिन्छ ।

कश्यप पञ्चाङ्ग थोक तथा फुटकरमा पाइने स्थान

हाम्रो पुस्तक पसल वीरेन्द्रनगर सुर्खेत फोन नं ०८३-५२०४९०
अल्फा स्टेशनरी स्टोर्स एण्ड जनरल अर्डर सप्लायर्स सुर्खेत फोन नं ०८३ ५२१११३७
सान्दाइ स्टेशनरी वीरेन्द्रनगर पिपिराचोक सुर्खेत फोन नं. ९८४८१६०१६५
अनुराधा स्टेशनरी मेहेलकुना सुर्खेत फोन नं. ९८४८१९३८०१
महालक्ष्मी पूजा सामाग्री तथा फ्रेम भण्डार सुर्खेत फोन नं ९८४८२६०२१८
न्यू विहानी पुस्तक पसल एण्ड फोटोकपी सेन्टर छिन्चु सुर्खेत फोन ९८५८०५२९५३
नविन बुक्स वीरेन्द्रनगर घण्टाघर सुर्खेत फोन नं. ९८५८०५१००३
जागृती पुस्तक पसल रोड सुर्खेत फोन नं. ९८५८०६१०६१
खड्क पुस्तक पसल दैलेख फोन नं. ९८४८१२१८४८
सरिता स्टेशनरी बेस्तडा बजार दैलेख फोन नं. ९८४८१०६९८१
भेरी पुस्तक पसल नेपालगञ्ज फोन नं. ९८४८०२२८९०
पोखरेल किराना तथा पूजा सामग्री पसल लमही ५दाङ फोन नं. ९८४७८४०९८४

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको सूचनाः २०८१ सालसम्म सूर्यसिद्धान्तीय गणनापद्धति अनुसार स्पष्ट ग्रहसाधना र ग्रहलाघवीय सुत्रानुसार राहुको गणना गरी पञ्चाङ्ग गणना गर्ने गरिएको थियो । साथै ग्रहणादि र ग्रस्तोदयास्त ज्योतिर्गणितबाट साधना गर्ने गरिएको थियो । पञ्चाङ्गमा समयसापेक्ष परिमार्जन गर्दै जाने क्रममा केतकीय गणनापद्धतिबाट ग्रहसाधना गर्दा आकाशीय ग्रहस्थितिसँग धेरै मात्रामा मेल खाने भएकाले पञ्चाङ्गमा क्रमिक सुधार गर्ने उद्देश्य अनुसार यो वर्ष वि.स. २०८२ सालको पञ्चाङ्ग तयार गर्दा सौरोक्त पद्धतिबाट पञ्चाङ्ग गणना गरिएको छ भने केतकीय ग्रहगणितबाट अरु ग्रहको गणना उदयास्त र ग्रहणादिका विषयहरु तयार पारिएका छन् ।

वर्ष लग्न ४।२८।५२।५४

के. ६
४
७
५
मं. ३
८
वृ. २
११
९
श. शु.
१
१२
१०
सू.चं.रा.बु.

जगल्लग्न ०।३।३।५५

वृ. २
रा.शु.श.बु.
१
१२
३
सू.
११
४ मं.
१०
चं.
५
९
७
६ के.
८

वर्ष लग्न फलम्		
मेष	६	मित्रसुखम्
वृष	५	कुटुम्बबृद्धिः
मिथुन	४	धनलाभः
कर्कट	३	देहसुखम्
सिंह	२	दुःखदाद्रियम्
कन्या	१	लाभः
तुला	१२	सुखम्
वृच्छिक	११	धर्मार्थप्राप्तिः
धनु	१०	कष्टम्
मकर	९	स्त्रीसुखम्
कुम्भ	८	कष्टम्
मीन	७	पुत्रसुखम्

जगल्लग्न फलम्		
मेष	१	देहसुखम्
वृष	१२	दुःखदाद्रियम्
मिथुन	११	लाभः
कर्कट	१०	सुखम्
सिंह	९	धर्मार्थप्राप्तिः
कन्या	८	कष्टम्
तुला	७	स्त्रीसुखम्
वृच्छिक	६	शत्रुपराजयः
धनु	५	पुत्रसुखम्
मकर	४	मित्रसुखम्
कुम्भ	३	कुटुम्बबृद्धिः
मीन	२	धनलाभः

वि.सं २०८२ सालको वार्षिक भविष्यफल

श्रीगणेशाय नमः श्रीमंगलमुहूर्ताय नमः अचित्याव्यक्तरुपायः निर्गुणायगुणात्मने । प्रणम्यादौ रविं देवी शिवं विष्णु गजाननम् । संवत्सर फलं वक्ष्येलोकानां हितकाम्यया । स जयती सिंदुर वदनोदेवो यत्पाद पंकजस्मरणात । वासरमणिखि तिमिरम् नाशयति विघ्नानाम् ।

अत्र हि षष्ठयाब्दानां मध्य काल नाम सम्वत्सर गत । रुद्राविंशती एकादशे अधमेयुगे, यमाधिपते, संवत्सरे, अग्निपति, बृष्ठिसम्वाध्य सिद्धार्थिनाम संवत्सर प्रवेश मेषार्कान्प्राग्भुक्त मासादये ०।२९।३४।४८ भोग्य मासादय पर सिद्धार्थिनाम संवत्सर भविष्यती ।

सिद्धार्थिनाम संवत्सर भएको यस वर्षमा दशाधिकारी ग्रहहरुमा निम्नानुसार कार्य विभाजन भई ग्रह मन्त्रीमण्डल गठन भएको छ । राजा पदमा सूर्य र मन्त्री पदमा चन्द्रमा छन् । सिद्धार्थिनामको संवत्सरको प्रभावले जलवर्षा सन्तोषजनक रहनेछ भने मनुष्य जगतले ज्ञानको खोजी गर्नेछन् । वर्षको उत्तरार्द्धमा रौद्र नामक संवत्सरको प्रवेश हुने भएकाले शासकवर्गमा वैमनस्यता उत्पन्न हुनेछ । उत्तरार्द्धमा कृषि क्षेत्र सामान्य रहनेछ । सस्येस पदमा गुरु विराजमान भएकाले शैक्षिक क्षेत्र विशेष बलवान रहनेछ । कृषि क्षेत्रमा सन्तोषजनक उत्पादन हुनेछ । रसादी क्षेत्रमा पनि सुखानुभूति गर्न पाइनेछ । धान्येस पदमा भौम भएकाले हिउँदेबालीको उत्पादन खासै सन्तोषजनक रहनेछैन । मेघेश पदमा रवि भएकाले चना, जौ, उखु, जस्ता वस्तुहरुमा वृद्धि भएपनि आकाशे वर्षाको भर पर्नुपर्ने स्थानमा भने खासै उन्नती हुनेछैन । रसेश पदमा शनि विराजमान भएकाले प्राणी जगतको मन मैलो हुने लौहादी वस्तुहरुबाट चोटपटकका भय तथा सवारी साधन दुर्घटना बढ्ने छ भने रसादी वस्तुहरुमा पनि वृद्धि हुने योग परेको छ । निरसेश पदमा गुरु विराजमान भएका कारण विद्याको क्षेत्रमा वृद्धि हुनेछ । धार्मिक कार्यहरुमा सफलता प्राप्त हुने, रंगीचंगी लत्ताकपडा लगायतका वस्तुहरुको उत्पादन सन्तोषजनक रहनेछ । फलेश पदमा रवि भएकाले विशेष गरि पशुजन्य क्षेत्रमा सोचे अनुसारको प्रगति नहुने, हिमपात तथा असिनाको प्रकोप रहनेछ । फलफूल तथा तरकारीजन्य वस्तुहरुमा मूल्यवृद्धि हुनेछ । धनेश पदमा बुध भएकाले व्यापार व्यावसायीको क्षेत्रमा सन्तोषजनक नाफा कमाउन सकिनेछ । कृषि तथा पशुपंक्षीजन्य वस्तुहरुको निर्यात बढ्नेछ । विज्ञानको प्रभाव राम्रैसँग पर्नेछ । दुर्गेश पदमा रविले पकड जमाएका कारण सीमा क्षेत्रहरुमा विवाद बढ्नेछ भने शासकहरु घमण्डले उन्मत्त रहनेछन् । शक्तिशालीहरुले कमजोरहरु माथि थप थिचोमिचो गर्नेछन् ।

एकातिर सूर्य राजाको प्रभाव बलवान हुँदै गएपनि अर्कोतिर मन्त्री चन्द्रमाको प्रभावले उतार चढावमा बराबर हैसियत राख्नेहरु सन्तुष्ट रहनेछन् । मध्यमस्तरको वर्षाले खासै ठूलो क्षति पुऱ्याउने देखिँदैन भने कतै-कतै हुने अनावृष्टिले नोक्सानी पुऱ्याउने छ भने मौसमी वर्षाका कारण हुने अतिवृष्टिले केही जनधनको क्षति गर्नेछ । बाढी पहिरो, सवारी दुर्घटना, कतै खडेरी पनि हुने भएकाले सचेत रहनु वेश हुनेछ । देशको अर्थतन्त्र सामान्यस्तरबाटै संचालित हुनेछ । राजनीतिक अस्थितरता कायमै रहने भएकाले छलकपडका कार्यहरु भइरहने छन् । राजनीतिक कारणले कुकर्महरुले प्रश्रय पाउन सक्छन् । जनताले आशा गरे बराबरको सफलता प्राप्त गर्न कठिन पर्नेछ ।

साँध सीमाना र किल्लाहरुमा सुरक्षा व्यवस्था कडा बनाउन आवश्यक छ । शासक वर्गहरुले आंशिक मात्रामा भएपनि न्यायको पक्षमा काम गर्लान् । मेघ संवर्त अनुसार धेरै काम गरेर फाइदा थोरै हुने, धार्मिक रुपमा हुने कार्यमा कम फल प्राप्त हुने पीडितहरुले राज्यबाट न्याय प्राप्तिमा कठिनाई, बादलको गर्जन तथा जलवृष्टि खण्डवृद्धिले दुःख दिने सम्भावना रहला । पश्चिमी भन्दा पूर्विय वायूमा सक्रियता रहनेछ । जनसंख्या वृद्धि हुने नै छ । अनेक वस्तुको संग्रह लाभदायक हुनेछ भने यज्ञयज्ञादि कार्यबाट मनवान्छित फल प्राप्त हुनेछ ।

२०८२ वैशाख मासफलः श्री विक्रम संवत् २०८२ सालको पहिलो महिना वैशाख महिना ५ सोमवार र ५ मंगलवार तथा ५ बुधवार ४ विहीवार ४ शुक्रवार ४ शनिवार तथा ४ आइतवार मिलेर बनेको छ। सोमवारबाट प्रारम्भ भएको यो महिनामा राष्ट्रमा सफलताका लक्षणहरु देखिने छन् भने मनुष्य जगतमा पनि प्रगतिको आशा देखिनेछ। ५ सोमवारले खाद्य वस्तुको बजार भाउमा भने नियन्त्रण गराउन खोजेपनि ५ मंगलवारको कारण केही मात्रामा भयपूर्ण वातावरणको सिर्जना होला। मानवजातीमा नेत्ररोगको पीडा रहने सम्भावना छ भने मानव जीवनमा खासै उतारचढाव आउने छैन। धन संरक्षणमा आंशिक सफलता मिल्नेछ। शनि तथा मंगलको प्रभावले शनि उच्च हुनेहरुका लागि लाभको महिना रहेको छ। राजनीतिक क्षेत्रमा असन्तोषहरु पैदा हुनेछन्। उद्योग कल कारखानाका क्षेत्रमा पनि उत्पादनमा बाधा उत्पन्न होला। सानो कुरामा मानवजातीले शोक गर्नुपर्ने अवस्था आउन सक्छ। अग्नीप्रकोपले सताउला। वायू तथा हुरी बतासको बबण्डर बढ्ला। मौसममा छिटो छिटो फेरबदल भइरहला। चट्याङले जनधनको क्षति गराउला। सुन, चाँदी हिरा मोति जस्ता बहुमूल्य धातुहरुको कारोबारमा बृद्धि भएपनि धातु तथा रत्नहरुमा महंगाई बढ्ने नै छ।

२०८२ ज्येष्ठ मासफलः श्री विक्रम संवत् २०८२ सालको दोस्रो महिना ज्येष्ठ महिना ५ विहीवार ५ शुक्रवार ५ शनिवार र ४ आइतवार ४ सोमवार ४ मंगलवार र ४ बुधवार मिलेर बनेको छ। विहीवारबाट प्रारम्भ भएको यो महिनामा सामान्यतया सबै क्षेत्रमा शुभप्रद कार्यहरु नै होलान्। ५ विहीवारका कारण अन्न खाद्यन्न वस्तुको बजार भाउ नियन्त्रण भएपनि ५ शनिवारका प्रभावले धातुजन्य वस्तुहरुमा भने महंगी बढ्ला। जंगलमा लाग्ने डढेलो जस्ता कार्यहरु हुनेछन शिक्षाको क्षेत्रमा खासै उन्नती हुने देखिदैन भने मान्छेहरु विलाशिताका वस्तुमा धन खर्च लर्गान्। शारीरिक रुपमा जोश जाँगरमा कमी आउनुले सामाजिक क्षेत्रमा हुने काममा खासै सफलता प्राप्त नहोला। विहीवार प्रारम्भ भएको सक्रान्तिले मनुष्य जगतको प्रगतिमा खासै असर गर्नेछैन। धन आर्जनमा मानिसहरु राम्रै प्रगति गर्नेछन्। एक आपसमा विश्वासको वातावरणमा कमी आउनेछ। जसका कारण पापकर्महरु बढ्नेछन् भने आपसमा वैरभाव उत्पन्न हुनेछ। यति हुँदाहुँदै पनि चलाखी अपनाउनेहरु सफल हुनेछन्। तरपनि धार्मिक कार्यमा कमी आउने छैन। व्यापार व्यावसायबाट हुने लाभले प्रशन्नता देखिन्छ भने मौसम प्रतिकूलका कारण जनजीवन प्रभावित हुनेछ। आगलागी, चट्याङ्ग जस्ता घटनाहरु हुने छन् भने महिनाको अन्त्यतिर जलवृष्टि हुने देखिन्छ।

२०८२ आषाढ मासफलः श्री विक्रम संवत् २०८२ सालको तेस्रो महिना आषाढ महिना ५ आइतवार ५ सोमवार ५ मंगलवार तथा ५ बुधवार र ४ विहीवार ४ शुक्रवार र ४ शनिवार मिलेर बनेको छ। आइतवारबाट प्रारम्भ भएको यो महिनामा राष्ट्रिय राजनीतिमा उतारचढाव हुने हुनाले जनताले खासै सुखको अनुभूति गर्न पाउने छैनन्। ५ आइतवारका कारण रोगव्याधिमा वृद्धि होला। खाद्यवस्तुहरुको भाउमा नियन्त्रण जस्तो देखिएपनि भयपूर्ण वातावरणको सिर्जना भइरहने छ। खास गरि किराजन्य रोगको प्रकोपले नसताउला भन्न सकिदैन। धन तथा सुखमा रहेपनि मनमा त्यत्ति शान्ति भने रहनेछैन। शारीरिक रुपमा गर्नु पर्ने परिश्रममा कम हुँदा मानवप्राणीमा नैराश्यता आउने नै भयो। कृषिजन्य वस्तु र पशुउत्पादन सन्तोषजनक रहला। शिक्षा क्षेत्रमा प्रगति नभएकाले मानवजातीमा तनाव, अन्याय र अत्याचारमा वृद्धि , पापकर्महरु बढावा हुने सम्भावना छ। आयात हुने वस्तुहरुमा महंगीका कारण तनाव, दैनिक उपभोग्य वस्तुहरु प्राप्तिमा असहजता हुनेछ भने बाढी पहिरो, मेघबादलसहित खण्डवृष्टि भूक्षय हुने र महिनाभर वर्षात हुनेछ। मध्यभाग भन्दा पनि तराईमा बढि संकट हुने। पश्चिम भन्दा पनि पूर्वक्षेत्र बढि सामान्य अवस्थाको रहने छ। वर्षातका कारण केही क्षेत्रमा डुवान हुने र पशुचौपायामा समेत क्षति हुने स्थिति आउला। रोगव्याधि पनि बढ्दै जाला।

२०८२ श्रावण मासफलः श्री विक्रम संवत् २०८२ सालको चौथो महिना श्रावण महिना ५ विहीवार ५ शुक्रवार ५ शनिवार र ४ आइतवार ४ सोमवार ४ मंगलवार तथा ४ बुधवार मिलेर बनेको छ। विहीवारबाट प्रारम्भ भएको यो महिनामा सामान्यतया सबै क्षेत्र सन्तुलित अवस्थामै रहलान्। रसादिवस्तुको उत्पादनमा वृद्धि हुनु,खाद्यन्न लगायतका अत्त्यावश्यक वस्तुको बजार भाउ स्थिर हुनु, जनसंख्यामा वृद्धि हुनु,धान्यवस्तुहरुको सुलभता हुनु र धातुजन्य वस्तुहरुमा महंगी बढ्नु यस मासका विशेषताहरु हुनेछन्। मेघ गर्जनसहित भूक्षय, भूकम्प, सवारी दुर्घटना, बाढीपहिरो तथा दैविक प्रकोपहरुका कारण विपत्तिहरु दोहोरिने सम्भवना अधिक छ। एकातिर वैदेशिक रोजगार उपलब्धीमूलक हुन नसक्ने अर्कोतिर राजनीतिक क्षेत्रबाट समेत जनतामा नैराश्यता पैदा होला। कृषिजन्य तथा पशुपालनको क्षेत्रमा वृद्धि भएपनि खासै सन्तोष गर्न सकिने अवस्था नरहला। खण्डवृष्टि अतिवृष्टि जस्ता भइरहनेछन् भने मौसममा आउने क्षणिक फेरबदलले मानव जीवन कष्टकर होला। विशेष गरी तपाई क्षेत्रमा हुने डुवान र पहाडि क्षेत्रमा हुने पहिरोका कारण जनजीवन प्रभावित हुनेछ भने सवारी साधनमा यात्रा गर्दापनि कष्टकर हुनेछ।

२०८२ भाद्र मासफलः श्री विक्रम संवत् २०८२ सालको पाँचौ महिना भाद्र महिना ५ आइतवार ५ सोमवार ५ मंगलवार तथा ४ बुधवार ४ विहीवार ४ शुक्रवार ४ शनिवार मिलेर बनेको छ। आइतवारबाट प्रारम्भ भएको यो महिनामा राष्ट्रले समान अवसरको वातावरण दिन नसक्लाले आफै विवादमा फस्ने सम्भावना देखिन्छ भने शासन क्षेत्रमा खासै सन्तुष्टि प्राप्त हुने देखिँदैन। ५ आइतवारको प्रभावले रोगव्याधिमा कमी आउने छाँट नभएपनि ५ सोमवारका प्रभावले अत्यावश्यक वस्तुहरु प्राप्त गर्नमा कठिनाई भने हुनेछैन। ५ मंगलवारका प्रभावले कहाँ र कहिले अनि कतिबेला के पो हुने हो भन्ने भयपूर्ण वातावरण भइरहने छ। किराजन्य रोगहरु, सर्पदंशको भय रहनेछ भने बाढीपहिलो, भेल, डुबान तथा खण्डवृष्टि र अतिवृष्टिहरुमा महिनाको उतरार्धमा केही कमी आउनेछ। कृषि तथा पशुजन्य वस्तुको उत्पादनबाट सोचे अनुसारको लाभ भएपनि सर्वसाधारणहरुको दैनिक जीवनयापन संघर्षशील नै हुदे देखिन्छ। राजनीतिक क्षेत्रमा आपसी टकराव भइरहला। राष्ट्रिय राजनीतिमा आपसी विश्वासको कमीका कारण विकास निर्माणका कार्यहरु अलपत्र अवस्थामा रहलान्। विस्तारै गर्मीको आभाष कम हुँदै जाला। खाद्यवस्तु तथा धातुजन्य वस्तुको भाउमा वृद्धि हुँदै जाला। धार्मिक क्षेत्रमा भने बढवा हुँदै जाला।

२०८२ आश्विन मासफलः श्री विक्रम संवत् २०८२ सालको छैठौं महिना आश्विन महिना ५ बुधवार ५ विहीवार ५ शुक्रवार तथा ४ शनिवार ४ आइतवार ४ सोमवार ४ मंगलवार मिलेर बनेको छ। बुधवारबाट प्रारम्भ भएको यो महिनामा सबै क्षेत्रमा केही सुखको अनुभूति हुने देखिन्छ। मानवजनमा खुसीको अनुभूति हुनेछ। रसादिवस्तुको उत्पादनमा वृद्धि नै हुनेछ भने बजारिवस्तुहरुमा सुलभ ढंगबाट प्राप्त हुनेछन्। मानिसहरुको मन धार्मिक कार्यमा लाग्ने भएकाले पनि एक आपसमा मेलमिलापको वातावरण रहनेछ। शिक्षामा सफलता प्राप्त हुने, मनमा जोशजाँगर आउने तथा कृषिकार्य र पशुपंक्षीका क्षेत्रमा पनि आम्दानीमा वृद्धि हुनेछ। राजनीतिक क्षेत्रमा भएका आरोप प्रत्योरोपमा केही कम नआउला भन्न सकिदैन। कर्मचारी वर्गहरुमा समेत कार्यमा उत्साह थपिनेछ भने प्रशासकीय क्षेत्रमा सन्तुलन कायम भइरहने छ। मूल्यवान रत्नहरुमा मूल्य स्थिरता रहने तथा सवारी साधनहरु भने छिटफुट दुर्घटना भइरहने भएकाले केही असन्तोषहरु पैदा हुन सक्लान्। महिनाको पूर्वाद्धमा वर्षात्मा निरन्तरता भएपनि उत्तरार्द्धमा भने मौसम अनुकूल बन्दै जाला। बाढीपहिरोको प्रकोपहरुमा पनि कमी हुँदै जानेछ। मान्छेहरु धार्मिक कार्यमा लाग्नाले मनमा सन्तुष्ट र समाजमा शान्ति छाउने नै छ।

२०८२ कार्तिक मासफलः श्री विक्रम संवत् २०८२ सालको सातौं महिना कार्तिक महिना ५ आइतवार ५ शनिवार तथा ४ सोमवार ४ मंगलवार ४ बुधवार ४ विहीवार र ४ शुक्रवार मिलेर बनेको छ। शनिवारबाट प्रारम्भ भएको यो महिनामा जनसंख्यामा वृद्धि भएपनि बावालवालिकाहरुको स्वास्थ्य खासै राम्रो हुनेछैन। धान्यवस्तुहरुमा सुलभता भएपनि महंगीको चपेटाले भने नसताउला भन्न सकिदैन। अन्नपात उब्जनीका हिसावले राम्रो रहने यो महिनामा बजार भाउ पनि नियन्त्रणमै रहनेछ। जनसंख्या वृद्धिदर उच्च रहनेछ भने धान्यवस्तु सुलभ रहनेछ। शैक्षिक क्षेत्रको गतिविधि सामान्य रहनेछ भने प्रशासनिक क्षेत्रको सन्तुलन कायमै रहनेछ। राजनीतिमा समेत खासै विवाद हुने देखिदैन। सवारी दुर्घटनामा कमी आउनेछ भने बहुमूल्य घातुहरुको मूल्य वृद्धि हुनेछ। बजारी क्षेत्रको महंगी कमी होला भन्न सकिदैन। महिनाको मध्यभाग तिर सामान्य वर्षात रहनेछ। अनावश्यक खर्च समेत बढ्ने हुनाले जनमानसमा आर्थिक अभावको सिर्जनान भइरहने छ। व्यापार व्यावसायमा खासै वृद्धि होला जस्तो छैन। मान्छेहरु धार्मिक कार्यमा भन्दा पनि पापीय कार्यमा बढि लाग्ने सम्भावना बढि रहन्छ। रसादी तथा मसलाजन्य वस्तुको भाउमा समेत समानता कायम होला। पशुपक्षी र कृषि कार्यले फाइदा नै देला। कतै भने रोगको प्रकोप बढ्न सक्ला।

२०८२ मार्गशीर्ष मासफलः श्री विक्रम संवत् २०८२ सालको आठौं महिना मार्गशीर्ष महिना ५ सोमवार तथा ४ मंगलवार ४ बुधवार ४ विहीवार ४ शुक्रवार ४ शनिवार र ४ आइतवार मिलेर बनेको छ। सोमवारबाट प्रारम्भ भएको यो महिनामा देशको शासन सत्तामा शासकहरु केही लचक भएपनि राजनीतिक खिचातानी भइरहने छ। ५ सोमवारले खाद्यन्न जन्य वस्तुहरुमा सुलभता भएपनि महंगी बढ्नाले जनमानसमा असन्तोष छाउनेछ। दैवी विपत्ति लगायतका दैविक प्रकोपमा कमी आउला। अनावश्यक खर्च नियन्त्रण होला। प्रशासनिक क्षेत्रमा हुने सुधारले विकास निर्माणका कार्यमा सुधार हुँदै जाला। शिक्षाको क्षेत्रमा सुमधुर वातावरणको सिर्जना होला भने मौसममा छिटफुट परिवर्तन होला। महिनाको मध्यभागबाट उच्च हिमाली क्षेत्रमा हिमपात तथा तराईका क्षेत्रमा हुस्सुको प्रकोप बढेर जाला। कृषिजन्य तथा पशुपालनका क्षेत्रमा सन्तुलन कायम होला। सामाजिक कुरिती प्रति चेतनाको विकास भई धार्मिक कार्यमा सन्तुलन कार्यहरु होलान्।

२०८२ पौष मासफलः श्री विक्रम संवत् २०८२ सालको नवौं महिना पौष महिना ५ मंगलवार ५ बुधवार तथा ४ विहीवार ४ शुक्रवार ४ शनिवार ४ आइतवार ४ सोमवार मिलेर महिना बनेको छ। मंगलवारबाट प्रारम्भ भएको यो महिनामा मनुष्यजनमा प्रगति र जोशजाँजरहरु देखिनेछन्। मौसमका कारण जनजीवन प्रभाीवत मनुष्य जगतमा स्वास्थ्य आउने भएकाले यो महिनामा खासै शान्तिपूर्ण वातावरण भने देखिने छैन। बढ्दो चिसोका कारण जनजीवन प्रभावित होला। व्यापार व्यावसाय क्षेत्रमा खासै गिरावट आउने छैन भने धातुजन्य वस्तुहरुको मूल्यस्थिर अवस्थामा रहनेछ। कृषि पशुचौपायाबाट सामान्य लाभको अवस्था रहेपनि बालीनाली त्यत्ति राम्रो सप्रिने देखिँदैन तर दैविक दुर्घटनाहरुमा न्यूनीकरण आउला। राज्यको शासकीय र प्रशासकीय क्षेत्रमा समेत खासै उपलपुथल देखिने छैनन्। हिमपातका कारण मानव जीवन समेत प्रभावित हुनेछ भने महिनाको मध्यभागतिर सामान्य वर्षात् समेत हुनेदेखि। मौसमी वातावरणका कारण मानव जातीमा आलश्यता बढ्न सक्ला। विशेष गरी वृद्ध र दीर्घरोगीहरुका लागि यो महिना खासै उत्तम छैन। स्वास्थ्य प्रतिकूल समय रहनेछ।

२०८२ माघ मासफलः श्री विक्रम संवत् २०८२ सालको दशौं महिना माघ महिनामा ५ विहीवार र ४ शुक्रवार ४ शनिवार ४ आइतवार ४ सोमवार ४ मंगलवार तथा ४ बुधवार मिलेर बनेको छ। विहीवारबाट प्रारम्भ भएको यो महिनामा देशको आर्थिक तथा प्रशासकीय क्षेत्रदेखि व्यापारिक क्षेत्रसम्ममा पनि सन्तुलनको वातावरण बन्ने भएकाले शुभप्रद नै छ। ५ विहीवारका प्रभावले रसादिवस्तुहरुको उत्पादनमा राम्रै होला भने बजार भाउ तथा खाद्यन्न क्षेत्रमा पनि सन्तुलन कायम भइरहँदा जग्गा जमिन तथा कृषिजन्य कार्यमा सफलता प्राप्त नै होला। आंशिक रुपमा हुने वर्षा र हिमपातले दुःख देला भने तराईका क्षेत्रहरुमा हुस्सुका कारण जनजीवन कष्टकर बन्ला। सवारी दुर्घटनाले पनि जनधनमा क्षति पुग्ला। मान्छेहरु धार्मिक कार्य प्रति रुचि राख्ने भएकाले सामाजिक वातावरणमा सन्तुलित होला। राजनीतिक क्षेत्र खिचातानीमै अल्भिरहने भएकाले पनि प्रशासकीय क्षेत्रबाट विकासमा गतिरोध पनि हुन सक्ला। दलहन, तेलहन तथा खाद्य वस्तुमा हुने मूल्यवृद्धिले खिन्नता छाउला। शैक्षिक क्षेत्रको वातावरण सन्तुलन रहनेछ भने स्वास्थ्य क्षेत्रमा देखिने विभिन्न किटजनक रोगहरुमा कमी नआउला भन्न सकिदैन। महिनाको मध्य भागमा सामान्य वर्षात भएपनि खासै ठूलो असर पर्ने छैन। उत्तरार्द्धतिरबाट जनजीवन सामान्य बन्दै जानेछ भने स्वास्थ्यका क्षेत्रमा समेत सन्तुलन कायम हुनेछ।

२०८२ फाल्गुन मासफलः श्री विक्रम संवत् २०८२ सालको एघारौं महिना फाल्गुन महिना ५ शुक्रवार ५ शनिवार तथा ४ आइतवार ४ सोमवार ४ मंगलवार ४ बुधवार र ४ विहीवार मिलेर बनेको छ। शुक्रवारबाट प्रारम्भ भएको यो महिनामा जनसंख्या वृद्धि हुने कार्यले निरन्तरता पाउला। ५ शुक्रवारका प्रभावले जनमानसका कार्यहरुमा सन्तुलन नै भएपनि ५ शनिवारका कारण महंगी बढ्नाले मन सन्तोष नरहला। कृषिजन्य कार्य र पशुपालनमा लागेकाहरुले खासै प्रगति गर्न नसकेका कारण खिन्नता उत्पन्न होला। आर्थिक क्षेत्रमा सुधार हुने संकेत छैन भने राष्ट्रिय राजनीति समेत असन्तुलित होला। दैविक विपत्तिका घटनाहरुमा कमी आउनले भयरहित वातावरणको सिर्जना होला। धार्मिक कार्यमा समेत वृद्धि होला भने धातुजन्य वस्तुहरुमा बढ्ने महंगीका कारण व्यापार व्यावसायमा कमी आउला। विहान बेलुकाको मौसम चिसो रहेपनि दिउँसो मौसम घमाइलो हुँदै जाला। शैक्षिक क्षेत्रको उन्नतीमा बाधा नपुगेपनि प्रशासनिक क्षेत्रको कार्यशैली भने यथावत ढंगबाट अघि बढ्नेछ। महिनाको पूर्वाद्धमा कतै बादल गर्जनदेखि हल्का वर्षातको सम्भावना रहेको छ भने मध्यभागबाट क्रमिक सुधार हुँदै जाने सम्भावना देखिन्छ। यो महिनामा दक्षिणी क्षेत्र भन्दा पनि उत्तरी क्षेत्रमा मौसममा आउने सुन्दरताले विशेष सन्तुलन हुनेछ।

२०८२ चैत्र मासफलः श्री विक्रम संवत् २०८२ सालको बाह्रौ तथा अन्तिम महिना चैत्र महिना ५ आइतवार ५ सोमवार तथा ४ मंगलवार ४ बुधवार ४ विहीवार ४ शुक्रवार र ४ शनिवार मिलेर बनेको छ। आइतवारबाट प्रारम्भ भएको यो महिनामा देशवासीले खासै सुख पाउने देखिँदैन। ५ आइतवारका प्रभावले रोगव्याधिमा समेत वृद्धि भएपनि ५ सोमवारका प्रभावले खाद्य वस्तुको बजार भाउमा भने नियन्त्रण नै होला। राष्ट्रिय राजनीतिमा खासै सन्तोषजनक देखिँदैन शासक वर्गबाट जनताले सन्तुष्टि प्राप्त गर्न सक्ने छैनन् भने शासक वर्गहरु आफैमा खिचातानीमा समय बर्वाद गर्नेछन्। पशुपालन र कृषिजन्य क्षेत्रको लगानीले राम्रै आम्दानी दिनेछ भने बेमौसमी खेतीबाट उत्पादनमा वृद्धि हुनाले केही सन्तुलन मिल्न जानेछ। आकाशमा बादलको गर्जन, कतै चट्याङ्ग त कतै हावाहुरीका कारण दुःख देला। वनमा लाग्ने डढेलोका कारण वन्यजन्तुहरुले समेत दुःखको सामना गर्नुपर्ला। दैविक दुर्घटनाहरु बढ्दै जालान। प्राणीजगतले संघर्ष गर्नुपर्ला। मानव जगतमा खासै जोश जाँगर नरहला।

मेष ARIES (चु, चे, चो, ला, ली, लु, ले, लो, अ)	वृष TAURUS (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)	मिथुन GEMINI (क, कि, कु, घ, ङ, छ, के, को, ह)	कर्कट CANCER (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)
मेष राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा मेष राशिलाई यो वर्ष मध्यम वर्षको रुपमा रहेको छ। एघारौ स्थानमा रहेको शनिले धनलाभको योग बनाएको छ भने चौथो स्थानमा रहेको मंगलले आफन्तहरुसँग क्लेश उत्पन्न गराउनेछ। मनमा भय तथा त्रासको वातावरण रहेपनि सावधानीपूर्वक कार्य गरेमा सफलता हात पर्नेछ । फाल्गुण १५ गतेदेखि शनिको आद्य साढेशाती सुरु हुने भएकाले मनमा केही असन्तोष पैदा हुनेछन् । गरेका कार्यमा विलम्बता आउन सक्छ भने फलामजन्य वस्तुहरुबाट चोटपटकको भय रहेको छ। व्यापार व्यावसाय मध्यम खालको रहनेछ। वैदेशिक क्षेत्रमा गरेको लगानीबाट सोच अनुरुप लाभ मिल्न कठिन भएपनि रोजगारीको क्षेत्रमा राम्रो छ। शैक्षिक क्षेत्रमा मिहिनत जारी राख्नु राम्रो होला । घर परिवारमा हुने मांगलिक कार्यले पारिवारिक सम्बन्ध राम्रो होला । वर्षको उत्तरार्द्धमा यात्रा गर्दा विशेष ध्यान दिन आवश्यक छ।	वृष राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा वृष राशिलाई यो वर्ष मध्यम वर्षको रुपमा रहेको छ । जग्गाजमिनबाट सामान्य आम्दानी होला । व्यापार व्यावसायको क्षेत्रमा सफलता मिल्नेछ भने भाषण कलामा वृद्धि हुनेछ । सन्तानबाट सोचे जस्तो कार्यहरु नहुन सक्छन् । आफन्तजनबाट समेत सहयोग प्राप्त हुनेछ तर धुम्रपान तथा मध्यपान जस्ता चीजबाट स्वास्थ्यमा असर पर्नेछ। छाला सम्बन्धि रोगले सताउन सक्नेछ। राज्यपक्षबाट लाभ हुनुको साथै मानसम्मानमा वृद्धि हुनेछ। धनवृद्धिको क्षेत्र बलियो रहनेछ। कहिलेकाँही असहज परिस्थितिहरुको सामना गर्नुपर्ला। साहसपूर्वक गरेका कार्यहरुमा सफलता प्राप्त हुने नै छ । धार्मिक कार्यमा मन लगाउनले राम्रै होला। भाइबन्धुहरुबाट भने खासै सहयोग प्राप्त नभएपनि कुटुम्बजनबाट हुने सहयोगमा कमी रहने छैन। रक्तविकारका समस्याहरु देखिनेछन्। बोलीको प्रभावले मान्छेलाई आफ्नो वशमा पार्न सकिएला।	मिथुन राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा मिथुन राशिलाई यो वर्ष मध्यम वर्षको रुपमा रहेको छ। मनमा साहस बढेर आउनेछ भने पुरुषार्थले धनलाभ हुनेछ। मनमा उत्पन्न हुने क्रोधले आफैलाई हानी गर्नेछ। शारिरीक अवस्था राम्रै रहनेछ। आफ्नै विवेकले गरेका कार्यहरुले फाइदा दिनेछन् भने लेखन तथा शैक्षिक क्षेत्रमा उन्नती हुने योग रहेको छ। व्यवासायबाट सफलता प्राप्त होला भने परिवारबाट सहयोग प्राप्त हुनेछ। आफ्नै असावधानीका कारण बन्न लागेका कार्यहरुमा बाधा पुग्न सक्ने भएकाले होसियारी अपनाउनु राम्रो मानिनेछ। वर्षको उत्तरार्द्धमा खर्चमा मितव्ययीता अपनाउनु पर्नेछ । मनमा अनेक थरीका विषयहरुले प्रवेश गरेपनि सन्तानसँगको सल्लाह अनुसार कार्य गर्नुपर्नेछ। गाडि तथा फलामजन्य वस्तुहरुमा सुख प्राप्त नै छ। पशुचौपाया तथा कृषि क्षेत्रमा पनि राम्रो छ। परन्तु भाइबहिनीहरुबाट भने खासै सन्तोषजनक सहयोग हुनेछैन। राज्यबाट लाभ हुने नै छ।	कर्कट राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा कर्कट राशिलाई यो वर्ष सामान्य वर्षको रुपमा रहेको छ । अढैया शनिको प्रभाव रहेको छ। यदि जन्मकुण्डलीमा उक्त ग्रह अशुभ स्थानमा रहेका भए सत्रुबाट पीडा तथा पारिवारिक समस्याहरु आउन सक्नेछन् । झुट्ठा आरोपहरु आइलाग्न सक्छन् भने शारिरीक आलस्यताले सताउने छ । मानसिक रुपमा तनाव भोग्नुपर्नेछ भने गरेका कार्यहरुमा पनि सफलता हात लाग्ने छैन। फाल्गुण १५ गतेदेखि शनिको अढैया सकिने भएकाले त्यसपछिका दिनहरुमा राम्रा रहनेछन् । वैदेशिक रोजगार तथा व्यापार व्यावसायबाट लाभ मिल्नेछ । शनिको जप, पूजा पाठ गर्नु राम्रो मानिन्छ । शैक्षिक क्षेत्रमा पनि उन्नती होला । कहिलेकाँही अपजसहरु सुन्न परेपनि कुटुम्बजनबाट सहयोग हुनेछ भने आफ्नै बोलिको प्रभावले बन्न लागेका काममा पनि बाधा पुग्न सक्नेछ। सावधानी अपनाउनु राम्रो हुनेछ।
(स्वामीः मङ्गल, रत्नः मुगा, शुभरंगः रातो)	(स्वामीः शुक्र, रत्नः हिरा, शुभरंगः सेतो)	(स्वामीः बुध, रत्नः पन्ना, शुभरंगः हरियो)	(स्वामीः चन्द्रमा, रत्नः मोती, शुभरंगः सेतो)

वि.सं. २०८२ को साढेशाती दशा : यस वर्ष शनिदेव वर्षभरि नै मीन राशिमा रहनाले निम्न राशिका व्यक्तिहरुलाई निम्न अनुसार अढैया र साढेसाती शनि दशाको प्रभाव रहनेछ। कुम्भ राशिलाई वर्षभरि नै अन्त्य साढेसाती दशा रहनेछ भने मीन राशिलाई वर्ष भरि नै मध्य साढेसाती दशा रहनेछ। यसैगरि मेष राशिलाई वर्ष भरि नै आद्य साढेसाती दशा रहने छ भने सिंह र धनु राशिलाई वर्ष भरि नै अढैया शनि दशा रहनेछ। जन्मकुण्डलीमा शनि नीच अवस्थामा रहेकाले विशेष ध्यान दिन आवश्यक छ।

सिंह LEO

(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

सिंह राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा सिंह राशिलाई यो वर्ष मध्यम वर्षको रुपमा रहेको छ। अढैया शनिको प्रभाव रहेको छ। वर्षको पूर्वाद्धमा आफूले गरेका कार्यहरुमा सफलता प्राप्त हुँदै जानेछन्। आत्मवल, सौन्दर्यता तथा साहसपूर्ण तरिकाले गरिएका कार्यहरुबाट लाभ प्राप्त हुनेछ। विपरित लिङ्गिसँग विवादहरु भेल्नु पर्नेछ। समस्याहरु आएपनि धैर्यताका कारण सफलता प्राप्त गर्न सकिनेछ। फाल्गुण १५ गतेपछि अढैया शनिको प्रभाव रहने भएकाले खासै राम्रो समय मानिदैंन। गरेका कार्यहरुमा असफलता मनमा नैराश्यता र शरिरमा आलस्यता आउन सक्छ। विशेष गरी शनिको जप तथा पूजा गरेमा केही उन्नती होला। शैक्षिक क्षेत्र बलियो भएपनि असावधानीले आफैलाई हानी पुऱ्याउन सक्छ। कुटुम्बको खासै भर नपर्दा हुनेछ। घर तथा जग्गाजमिनमा विवाद उत्पन्न हुनसक्छ। वैदेशिक रोजगारको क्षेत्र भने बलियो रहेको छ। अरुलाई दिएको धन फिर्ता आउन गाऱ्हो छ। कहिलेकाँही अनावश्यक धन खर्च हुनेछ।

(स्वामीः सूर्य, रत्नः माणिक्य, शुभरंगः रातो)

कन्या VIRGO

(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

कन्या राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा कन्या राशिलाई यो वर्ष मध्यम वर्षको रुपमा रहेको छ। शारिरीक रुपमा केही समस्या आउन सक्नेछन्। आम्दानी भन्दा खर्च बढि रहेपनि धनको अभाव खट्किने छैन। भाइबहिनीहरुको सहयोगमा कमी आउनेछ भने केही बाधा अड्चनहरुको समेत सामना गर्नुपर्ने हुन्छ। धन खर्चका बाटाहरु बढिरहने छन्। मनमा चिन्ता र भयले डेरा जमाउने छ। वर्षको मध्यमबाट शरीरमा स्फूर्ति बढ्दै जानेछ। राज्यपक्षबाट लाभ मिल्नेछ भने शैक्षिक क्षेत्र बलियो हुँदै जानेछ। व्यापार व्यावसायबाट सोच अनुरुपको लाभ मिल्न नसकेपनि घाटा व्यहोरि हाल्नु पर्ने छैन। उच्च शिक्षा आर्जन गर्न होस् कि वैदेशिक क्षेत्रहरुमा होस् सोचे अनुरुप लाभ मिल्दा मन प्रशन्न हुनेछ। भोग विलाशमा रुचि बढ्न सक्छ। बोलिको प्रभावले मानिसहरुलाई आफ्नो बसमा पार्न सकिने छ। यात्राको समयमा भने सावधानीहरु अपनाउनु नै उत्तम हुनेछ भने भौतिक सुख सुविधाहरु उपयोग गर्न पाइने छ।

(स्वामीः बुध, रत्नः पन्ना, शुभरंगः हरियो)

तुला LIBRA

(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

तुला राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा तुला राशिलाई यो वर्ष मध्यम वर्षको रुपमा रहेको छ। आफन्त तथा कुटुम्बजनबाट प्राप्त हुने सहयोग मन प्रशन्न रहला। आफ्नै जिद्धि स्वभावका कारण पारिवारि झमेलाहरुमा फस्न सकिन्छ। आफ्नै अहमताका कारण कहिलेकाँही पछुताउनु पर्ने हुनसक्छ। जसका कारण मनमा अशान्ति पैदा हुन सक्छ। हिंस्रक जनावरहरुबाट टाढा बसेकै राम्रो। पराक्रममा केही कमी आएपनि खर्चमा हुने मितव्ययीताले दिनचर्याहरु सामान्य रहनेछन्। व्यापार व्यावसायबाट लाभ तथा राज्यपक्षबाट सम्मान प्राप्त होला। मावलीपक्षले भने जस्तो साथ दिने भएकाले कडा परिश्रम गर्नुपरे पनि सुखको अनुभूति हुनेछ। शैक्षिक क्षेत्रमा उन्नती तथा प्रगति होला। खानी तथा खनिज र पुरातत्वका क्षेत्रमा नलाग्नु नै उत्तम होला। सानातिना उल्भनहरु आएपनि बुद्धिमत्तापूर्वक कार्य गर्नुपर्नेछ। खानपानमा विशेष ध्यान दिन सकेको खण्डमा स्वास्थ्य अवस्था राम्रै होला। मधुर वाणी प्रयोग गर्दै आफ्नोलाई आफ्नो बोलिले प्रभावित बनाउन सकिएला।

(स्वामीः शुक्र, रत्नः हिरा, शुभरंगः सेतो)

वृश्चिक SCROPIO

(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

वृच्छिक राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा वृच्छिक राशिलाई यो वर्ष सामान्य वर्षको रुपमा रहेको छ। फाल्गुण १४ गतेसम्म अढैया शनि रहेकाले गरेका कार्यमा खासै उन्नती प्रगति हुने देखिँदैन। स्वास्थ्यमा बाधाहरु उत्पन्न हुनेदेखि शरिरमा आलस्यता र मनमा वैमनस्यता बढिरहने छन्। यात्राका क्रममा सुख भन्दा दुःखको बढि प्रभाव रहनसक्छ। फलामजन्य वस्तुहरुको प्रयोग गर्दा होसियारी अपनाउनु उत्तम होला। जन्मकुण्डलीमा शनि निच अवस्थामा भएमा शनिको जप, पूजा गर्नु अनिवार्य छ। आफ्नै स्वाभिमान र आफ्नै पराक्रम भएपनि क्रोधको कारण हानी पुग्न सक्छ। तर पनि राज्यपक्षबाट हुने सम्मानमा कमी हुने छैन। पारिवारिक रुपमा हुने सहयोगहरु पनि प्राप्त भइरहने छन्। व्यापार व्यावसायमा पनि सोचे अनुसारको लाभ उठाउन सकिएला। वैदेशिक रोजगारमा उन्नती होला। शैक्षिक क्षेत्रमा अलि कडा मिहिनत गर्नु राम्रो होला।

(स्वामीः मङ्गल, रत्नः मुँगा, शुभरंगः रातो)

नोटः पञ्चाङ्ग (पात्रो) मा लेखिएको राशिफल सबै-सबैलाई आधार मानेर सबैका लागि एकमुष्ट रुपमा हेरिएको छ। त्यसैले राशिफल उमेर, कुण्डलीमा ग्रहको स्थिति, आयु, देशकाल र परिस्थिति अनुसार लागु हुनेछ।

धनु SAGITTARIOUS

(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

धनु राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा धनु राशिलाई यो वर्ष सामान्य वर्षको रुपमा रहेको छ। वर्षको पूर्वाद्धमा सोचे अनुसारका कार्यहरु बन्दै जानेछन् । व्यापार व्यावसाय तथा शैक्षिक क्षेत्रदेखि रोजगारीसम्मका क्षेत्रमा उन्नती र प्रगति होला । मंगलको प्रभावले तपाईको प्रगतिमा डाहा गर्नेहरुको कमी हुनेछैन। कहिलेकाँही आफ्नै बोलिको प्रभाव अनावश्यक झै झगडामा समेत फस्न सकिन्छ । वर्षको उत्तरार्द्ध भने तपाईका लागि खासै राम्रो मानिदैंन । फाल्गुण १५ गतेसम्म सुरु हुने अढैया शनिको प्रभावले विभिन्न गतिविधिहरुमा रोकावट हुन सक्छ । गरेका कार्यमा खासै उन्नती प्रगति हुने देखिँदैन। स्वास्थ्यमा बाधाहरु उत्पन्न हुनेदेखि शरिरमा आलस्यता र मनमा वैमनस्यता बढिरहने छन् । शत्रुहरुको प्रभाव रहने भएकाले विशेष ध्यान पुऱ्याउनु जरुरी मानिन्छ। जन्मकुण्डलीमा शनि निच अवस्थामा भएमा शनिको जप, पूजा गर्दा सोचे अनुसारका कार्यहरुबाट लाभ लिन सकिएला । वैदेशिक रोजगारमा उन्नती होला। शैक्षिक क्षेत्रमा सुखद नै रहने छ।

(स्वामीः बृहस्पति, रत्नः पुष्पराज, शुभरंगः पहेँलो)

मकर COPRICORN

(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

मकर राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा मकर राशिलाई पनि यो वर्ष सामान्य वर्षको रुपमा नै रहेको छ। फाल्गुण १४ गतेसम्म अन्त्य साढेशाती शनिको प्रभाव कायमै रहने भएकाले मनमा सोचे अनुसारका कार्यहरुमा सफलता मिल्ने देखिँदैन । शारिरीक कष्टता रहन सक्छ। खानी तथा पुरातत्वको क्षेत्रमा राम्रो भएपनि जन्मकुण्डलीमा शनि अशुभ स्थानमा रहेको खण्डमा फलामजन्य क्षेत्रबाट पनि दुःखकष्ट हुन सक्छ। व्यापार तथा शैक्षिक क्षेत्रमा आंशिक लाभ भएपनि मनमा चंचलता कायम नै रहनेछ। फाल्गुण १५ गतेदेखि अन्त्य साढेशाती पनि सकिने भएकाले वर्षको उत्तरार्द्धमा भने सोचे अनुसारका कार्यहरुमा सफलता मिल्दै जानेछन् । वैदेशिक रोजगारीमा सोचे अनुसार फाइदा लिन सकिनेछ। आफन्त तथा परिवारजनबाट सोचे अनुसारको सहयोग लिन सकिने छैन तर कुटुम्बजनको सहयोगले खासै अभाव खड्किने छैन । धार्मिक कार्यबाट आत्मसन्तुष्टि मिल्ने नै छ।

(स्वामीः शनि, रत्नः निलम, शुभरंगः कालो)

कुम्भ AQUARIUS

(गु, गे, गो, सा, सि, सु, से, सो, द)

कुम्भ राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा कुम्भ राशिलाई पनि यो वर्ष मध्यम वर्षको रुपमा नै रहेको छ । आफ्नै बुद्धिले गरेका कार्यमा सफलता पाइएला । स्वास्थ्य अवस्था केही कमाजोर रहेपनि कडा मिहिनत गर्नु नै पर्नेछ। वैदेशिक रोगजारीबाट प्रशस्त लाभ लिन सकिने छ भने आफन्तजन तथा भाइबहिनीहरुबाट सहयोग मिल्ने नै छ। शत्रु पक्षले केही दुःख दिने प्रयन्त गर्नेछन्। विपरित लिङ्गीबाट सामान्य सहयोग रहेपनि व्यापार व्यावसायको क्षेत्रमा भने सफलता प्राप्त हुने नै छ। वर्षको उत्तरार्द्धमा पशु चौपायका क्षेत्रमा सामान्य वृद्धि हुनेछ भने कृषि क्षेत्र भने बलियो नै छ । धार्मिक क्षेत्रका कार्यहरु गर्नुपर्ने भएकाले मन आनन्दित रहला। शैक्षिक क्षेत्र बलियो रहेको छ भने विनम्रता र शालिनताले सम्मानहरु प्राप्त हुँदै जानेछन् । मुत्राशय जस्ता भित्री अंगहरुमा लाग्न सक्ने रोगले समस्या निम्त्याउन सक्छ। खानपानमा विशेष ध्यान दिनु जरुरी छ। जग्गाजमिन प्राप्त हुने, धर्मकर्ममा मन जाने भएकाले पनि सुखको अनुभूति होला। आफन्तजनहरुबाट भने गरिएको विश्वासमा घात हुनसक्छ। सचेत रहन जरुरी छ।

(स्वामीः शनि, रत्नः निलम, शुभरंगः कालो)

मीन PISCES

(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

मीन राशिको वर्ष प्रारम्भ राशि गोचर ग्रहमा दृष्टि गर्दा मीन राशिलाई पनि यो वर्ष सामान्य वर्षको रुपमा नै रहेको छ । फाल्गुण १४ गतेसम्म आद्य साढेशातीको प्रभाव कम नहुँदै फाल्गुण १५ गतेबाट मध्य साढेशातीको प्रभाव पर्ने भएकाले शारिरीक आलस्यता कायमै रहनेछ। गर्न खोजेका कार्यहरुमा सफलता हात पार्न निकै परिश्रम गर्नुपर्नेछ । कुटुम्बजनको सहयोगमा पनि कमी हुनेछ भने भाइबन्धुहरुको सहयोग पनि प्राप्त गर्न कठिन हुनेछ। हरेक कार्यहरु गर्दा होसियारीपूर्वक गर्नु जरुरी छ । जन्मकुण्डलीमा शनि अशुभ स्थानमा भएको अवस्थामा शनिको जप तथा पूजा गरेको खण्डमा केही राम्रा प्राप्तिहरु हात पर्न सक्छन् । शारिरीक रुपमा चोटपटकको भय रहेको छ भने पारिवरिक सहयोगका कारण मनमा अनेक तर्कनाहरु आउन सक्छन् । दैनिक रुपमा बढ्दै जाने खर्चको कारण मनमा चिन्ता हुनेछ। यात्रामा पनि सावधानी अपनाउनु उचित मानिन्छ।

(स्वामीः वृहस्पति, रत्नः पुष्पराज, शुभरंगः पहेँलो)

नोटः पञ्चाङ्ग (पात्रो) मा लेखिएको राशिफल सबै-सबैलाई आधार मानेर सबैका लागि एकमुष्ट रुपमा हेरिएको छ। त्यसैले राशिफल उमेर, कुण्डलीमा ग्रहको स्थिति, आयु, देशकाल र परिस्थिति अनुसार लागु हुनेछ।

नेपालका जिल्लाका अक्षांश र देशान्तर विवरण र स्टाण्डर्ड समयसँग हुने समयान्तर (मिनेट सेकेण्डमा)

क्र. सं.	स्थानहरु	अक्षांश उत्तर	देशान्तर पूर्व	समायान्तर (मि./से.)
	कोशी प्रदेश			
१.	ताप्लेजुङ्ग (ताप्लेजुङ्ग)	२७°२'	८७°४१'	+५।४४
२.	पाँचथर (फिदिम)	२७°८'	८७°४६'	+६।४
३.	इलाम (इलाम)	२६°५५'	८८°५५'	+६।४०
४.	झापा (चन्द्रगढी)	२६°३५'	८८°४'	+७।१६
५.	संखुवासभा (खाँदबारी)	२७°२२'	८७°१३'	+३।५२
६.	भोजपुर (भोजपुर)	२७°१०'	८७°४'	+३।१६
७.	तेह्रथुम (म्याङलुङ)	२७°८'	८७°३२'	+५।८
८.	धनकुटा (धनकुटा)	२६°५८'	८७°२०'	+४।२०
९.	मोरङ (विराटनगर)	२६°२७'	८७°१७'	+४।८
१०.	सुनसरी (इनरुवा)	२६°३६'	८७°९'	+३।३६
११.	सोलुखम्बु (सल्लेरी)	२७°३०'	८६°३६'	+१।२४
१२.	ओखलढुङ्गा (ओखलढुङ्गा)	२७°१९'	८६°३२'	+१।८
१३.	खोटाङ्ग (दिक्तेल)	२७°१३'	८६°४८'	+२।१२
१४.	उदयपुर (गाइघाट)	२६°४७'	८६°३२'	+१।८
	मिथिला प्रदेश			
१५.	सप्तरी (राजविराज)	२६°३२'	८६°४५'	+२।०
१६.	सिराहा (सिराहा)	२६°३९'	८६°१३'	-०।८
१७.	धनुषा (जनकपुरधाम)	२६°४३'	८५°५६'	-१।१६
१८.	महोत्तरी (जलेश्वर)	२६°३९'	८५°४८'	-१।४८
१९.	सर्लाही (मंलङ्गवा)	२६°५१'	८५°३३'	-२।४८
२०.	रौतहट (गौर)	२६°४६'	८५°१६'	-३।५६
२१.	बारा (कलैया)	२७°२'	८५°२'	-४।५२
२२.	पर्सा (विरगंज)	२६°५९'	८४°५२'	-५।३२

क्र. सं.	स्थानहरु	अक्षांश उत्तर	देशान्तर पूर्व	समायान्तर (मि./से.)
	बागमती प्रदेश			
२३.	दोलखा (चरिकोट)	२७°४१'	८६°३'	-०।४८
२४.	रामेछाप (मन्थली)	२७°२७'	८६°६'	-०।३६
२५.	सिन्धुली (सिन्धुलीमाढी)	२६°४३'	८५°५५'	-१।२०
२६.	सिन्धुपाल्चोक (चौतारा)	२७°४७'	८८°४३'	-२।८
२७.	काभ्रेपलाञ्चोक (धुलिखेल)	२७°३७'	८५°३४'	-२।४४
२८.	भक्तपुर (भक्तपुर)	२७°४०'	८५°२६'	-३।१६
२९.	काठमाडौं (काठमाडौं)	२७°४२'	८५°१९'	-३।४४
३०.	ललितपुर (ललितपुर)	२७°४१'	८५°२०'	-३।४०
३१.	रसुवा (धुन्चे)	२८°७'	८५°१८'	-३।४८
३२.	धादिङ (धादिङबेसी)	२७°५४'	८५°५४'	-५।२४
३३.	मकवानपुर (हेटौडा)	२७°२६'	८५°२'	-४।५२
३४.	नुवाकोट (विदुर)	२७°५३'	८५°८'	-४।२८
३५.	चितवन (भरतपुर)	२७°४०'	८४°२६'	-७।१६
	गण्डकी प्रदेश			
३६.	गोरखा (गोरखा)	२८°०'	८४°३६'	-६।३६
३७.	लमजुङ्ग (बेसीशहर)	२८°१४'	८४°२३'	-७।२८
३८.	तनहुँ (दमौली)	२७°५८'	८४°१७'	-७।५२
३९.	नवलपुर (कावासोती)	२७°१९'	८३°२४'	-१०।२४
४०.	मनाङ्ग (चामे)	२८°३३'	८४°१५'	-८।०
४१.	कास्की (पोखरा)	२८°१३'	८३°५९'	-९।४
४२.	पर्वत (कुस्मा)	२८°१४'	८३°४२'	-१०।१२
४३.	स्याङ्जा (स्याङ्जा)	२८°६'	८३°५३'	-९।२८
४४.	मुस्ताङ्ग (जोमसोम)	२८°४७'	८३°४४'	-१०।४

क्र. सं.	स्थानहरु	अक्षांश उत्तर	देशान्तर पूर्व	समायान्तर (मि./से.)
४५.	म्याग्दी (बेनी)	२८°२१'	८३°३४'	-१०।४४
४६.	बाग्लुङ्ग (बाग्लुङ्ग)	२८°१६'	८३°३६'	-१०।३६
	लुम्बिनी प्रदेश			
४७.	परासी (रामग्राम)	२७°१९'	८३°२४'	-१०।२४
४८.	पाल्पा (तानसेन)	२७°५२'	८३°५३'	-९।२८
४९.	रुपन्देही (भैरहवा)	२७°३०'	८३°२७'	-११।१२
५०.	गुल्मी (तम्घास)	२८°१'	८३°१५'	-१२।०
५१.	अर्घाखाँची (सन्धिखर्क)	२७°५८'	८३°८'	-१२।२८
५२.	कपिलवस्तु (तौलिहवा)	२७°३३'	८३°३'	-१२।४८
५३.	प्यूठान (प्यूठान खलंगा)	२८°५'	८२°५४'	-१३।२४
५४.	रुकुम-पूर्व (रुकुमकोट)	२८°२२'	८२°२२'	-१५।१२
५५.	रोल्पा (लिवाङ्ग)	२८°१८'	८२°३८'	-१४।२८
५६.	दाङ (घोराही)	२८°२'	८२°२९'	-१५।४
५७.	बाँके (नेपालगञ्ज)	२८°४'	८१°३८'	-१८।२८
५८.	बर्दिया (गुलरिया)	२८°१२'	८१°२०'	-१९।४०
	कर्णाली प्रदेश			
५९.	रोल्पा (दुनै)	२८°५६'	८२°५४'	-१३।२४
६०.	रुकुम-पश्चिम (मुसिकोट)	२८°३७'	८२°२९'	-१५।१२
६१.	सल्यान (खलंगा)	२८°२३'	८२°१०'	-१६।२०
६२.	जाजरकोट (जाजरकोट)	२८°४२'	८१°१२'	-१६।१२
६३.	सुर्खेत (वीरेन्द्रनगर)	२८°३६'	८१°३९'	-१८।२४
६४.	मुगु (गमगढी)	२९°३३'	८२°१०'	-१६।२०
६५.	जुम्ला (जुम्ला खलंगा)	२९°१७'	८२°११'	-१६।१६
६६.	कालिकोट (मान्मा)	२९°९'	८१°३६'	-१८।३६

क्र. सं.	स्थानहरु	अक्षांश उत्तर	देशान्तर पूर्व	समायान्तर (मि./से.)
६७.	दैलेख (दैलेख)	२८°५०'	८१°४३'	-१८।८
६८.	हुम्ला (सिमिकोट)	२९°५८'	८१°४९'	-१७।४४
	सूदुरपश्चिम प्रदेश			
६९.	बाजुरा (मार्तडी)	२९°२७'	८१°२९'	-१९।४
७०.	अछाम (मंगलसेन)	२९°८'	८१°१५'	-२०।०
७१.	कैलाली (धनगढी)	२८°४१'	८०°३६'	-२२।३६
७२.	बझाङ (चेनपुर)	२९°३३'	८१°१२'	-२०।१२
७३.	डोटी (सिलगढी)	२९°१६'	८०°५९'	-२१।४
७४.	दार्चुला (दार्चुला)	२९°५१'	८०°३३'	-२२।४८
७५.	बैतडी (बैतडी)	२९°३३'	८०°१६'	-२३।५६
७६.	डडेलधुरा (डडेलधुरा)	२९°१८'	८०°३५'	-२२।४०
७७.	कञ्चनपुर (महेन्द्रनगर)	२८°५७'	८०°११'	-२४।१६

हराए वा चोरी भएको वस्तु ज्ञानः प्रश्नकालको तिथि, वार, नक्षत्र, प्रहर जोडि ८ गे गुणा गर्नु र ७ ले भाग गर्नु । १ शेष रहे भूमिमा गाडेको छ, २ शेष रहे भाँडोमा राखेको छ, ३ शेष रहे जलमा छ, ४ शेष रहे हावामा अथवा झुन्ड्याएर राखेको छ, ५ शेष रहे कसिंगर वा फोहोरमा छ, ६ शेष रहे गोवर वा गोठमा छ र शुन्य शेष रहे खरानीमा राखेको छ भनी जान्नु ।

कागस्पर्शफलम्ः कागले शिरमा छोए दरिद्र, कटिमा छोए अनिष्ट, स्त्रीको शिरमा छोए पुत्रबाधा होला तर रुखमुनि बसेको अवस्थामा दोष लाग्दैन । कागमैथुन देखे अनिष्ट हुन्छ शान्ति गर्नुपर्छ ।

वरवधूगुणमेलापकसारिणी

गुण मिलानमा ३६ अंक हुन्छ। १८ अंक भन्दा कम भएमा विवाह जुर्दैन। २० अंक भए मध्यम, ३० सम्म भए उत्तम ३० देखि माथि अतिउत्तम मानिन्छ। नाडी, षडषक अनिवार्य जुर्नु पर्दछ।

वर राशि		मेष			वृष			मिथुन			कर्कट			सिंह			कन्या			तुला			वृश्चिक			धनु				मकर				कुम्भ			मीन		
राशि	नक्षत्र	अश्विनी	भरणी	कृत्तिका १	कृत्तिका ३	रोहिणी	मृगशिरा २	मृगशिरा २	आर्द्रा	पुनर्वसु ३	पुनर्वसु १	तिष्य	अश्लेषा	मघा	पू. फाल्गुनी	उ.फाल्गुनी १	उ.फाल्गुनी ३	हस्ता	चित्रा २	चित्रा २	स्वाती	विशाखा ३	विशाखा १	अनुराधा	ज्येष्ठा	मूल	पू.षाढा ।।	पू.षाढा ३।।	उ.षाढा १	उ.षाढा ३	श्रवण २।।	श्रवण २।।	धनिष्ठा २	धनिष्ठा २	शतभिषा	पू.भाद्रपदा ३	पू.भाद्रपदा १	उ.भाद्रपदा	रेवती
मेष	अ.	२८	३३	२८॥	१८॥	२१॥	२२॥	२५॥	१६॥	१८॥	२४॥	३३	२९	२३	२७	१७॥	१०॥	९॥	१२॥	२२	२७	२२	१९॥	२६॥	१५	१२॥	२४॥	२६	२३	२६	२७	२५॥	२१	१९॥	१४॥	१५॥	१५॥	२५॥	२७
	भ.	३४	२८	२९	१९	२२॥	१४॥	१७॥	२५॥	२६॥	३२॥	२५	२६॥	२२	२०	२८	२१	१९॥	४॥	१४	२९	२२	१९॥	१७॥	१९॥	१९॥	१७॥	१९	२५॥	२९	२७	२५॥	११	९॥	१९॥	२३॥	२३॥	१८॥	२७॥
	कृ.१	२७॥	२९	२८	१८	११	१७॥	२०॥	१९॥	२०॥	२६॥	२८	२४॥	१६॥	२०	२२	१५	१५	१७॥	२७	१५	१९	१६॥	२०॥	२६॥	२४	१७॥	१९	१२॥	१६	१२॥	११	२६	२४॥	२६॥	१८॥	१८॥	२०॥	१२॥
वृष	कृ.३	१८॥	२०	१९	२८	२१	२७॥	१८	१७	१८	२३	२४	२१	१८॥	२२	२४	२०॥	२०॥	२३	२२	१०	१४	२१॥	२५॥	३१॥	१९॥	१३	१४॥	८	१४	११	९॥	२४॥	२९	३१	२३	२१	२३	१५
	रो.	२३॥	२३॥	१२	२१	२८	३६	२६॥	२३	२३	२८	२९	१४	१२॥	२६॥	२८	२४॥	२५॥	१९॥	१८॥	१५	९	१६॥	३०॥	२४॥	१३॥	१९॥	२१	११	१७	१९	१७॥	२१	२५॥	२४	३०	२८	२७	२०
	मृ.२	२३॥	१४॥	१९॥	२८॥	३५	२८	१८॥	२३॥	२३	२८	२१	२३	२१॥	१७॥	२५॥	२२	२५॥	१२॥	११॥	२४॥	१८	२५॥	२२॥	२५॥	१४॥	१०॥	१२	१६॥	२३	२७	२५॥	१४	१८॥	२६॥	२९	२७	१८	२८
मिथुन	मृ.२	२६॥	१७॥	२२॥	२०	२६॥	१९॥	२८	३३	३२॥	२०	१३	१५	२४	२०	२८	३०॥	३४	२१	१४	२७	२०॥	१५	१२	१५	२३	१९	१७॥	२५	२०	२४॥	२६	११॥	१३	२१	२३॥	२५॥	१६॥	२६॥
	आ.	१८॥	२६॥	२०॥	१८	२४	२५॥	३४	२८	२५	१२॥	२०	१३	२३	२९	२२	२४॥	२४॥	२७	२०	२७	२०	१४॥	१८	४	१६	२८	२६॥	२८	२३	२३	२४॥	१७॥	१९	१२	१७	१९	२६॥	२६॥
	पु.३	१८॥	२५॥	२२॥	२०	२३	२४	३२॥	२४	२८	१५॥	२३	१७	२३	२७	२१	२३॥	२४॥	२६॥	१९॥	२७	२१	१५॥	२१॥	७	१४	२७	२५॥	२७	२२	२३	२४॥	१८	१९॥	१३	१७	१९	२७	२६॥
कर्कट	पु.१	२२॥	२९॥	२६॥	२३	२६	२७	१९	१०॥	१४॥	२८	३५	२९॥	१७॥	२१॥	१५॥	१७	१८	२०	१९॥	२७	२१	२०	२६	११॥	८	२१	२२॥	२१	२६	२७	२५॥	२२	१३॥	७	११	१७	२५	२४॥
	ति.	३१॥	२२॥	२७॥	२४	२७	२०	१२	१८	२१॥	३५	२८	३०	१८॥	१४॥	२४॥	२६	२७	१२	११॥	२६॥	२१	२०	१९	२२	१७	११	१२॥	२२	२७	२५	२३॥	१३	४॥	१४॥	२८	२४	१८	२७
	अ.	२६	२४॥	२३॥	२०	१३	२१	१३	१२	१५	२८॥	२९	२८	१६	१६॥	१८॥	२०	२०	२५	२४॥	११॥	१६॥	१५॥	२०	२६	२२॥	१६	१७॥	८	१३	१३	११॥	२७	१८॥	१८॥	१२॥	१८॥	२०	१२
सिंह	म.	२१	२१	१७॥	१८॥	११॥	१९॥	२२	२२	२१	१७॥	२०	१७	२८	३०	२६॥	१६	१६	२२	२५	११	१७	२४॥	२६॥	३४	२४॥	१९॥	२१	१०	५॥	५॥	४	१८॥	२४	२५	१८	१८॥	१९॥	१३
	पुफा.	२७	१९	२१	२२	२५॥	१७॥	२०	२८	२७	२३॥	१८	१७॥	३०	२८	३४	२३॥	२२	८	११	२५	१९	२६॥	२४॥	२६॥	१८॥	१७॥	१९	२५॥	२१	१९॥	१८	४॥	१०	१९	२४	२४॥	१७॥	२५॥
	उफा.१	१८॥	२७	२२	२३	२७	२५॥	२८	२१	२१	१७॥	२७	१९॥	२६॥	३४	२८	१७॥	१६॥	१४	१७	२६	१७	२४॥	३३॥	१९॥	१०	२५॥	२७	२६॥	२२	२१	१९॥	१२॥	१८	१२	१६	१६॥	२७॥	२५॥
कन्या	उफा.३	१२॥	२१	१६	२०॥	२४॥	२३	३०॥	३३॥	२३॥	१९	२८	२१	१७	२४॥	१८॥	२८	२७	२४॥	१६॥	२५॥	१६॥	१९	२८	१४	१४	२९॥	२८	३०॥	२६	२४॥	२६	१६	१६॥	१०॥	१४॥	१७॥	२८॥	२६॥
	ह.	१०॥	१९॥	१७	२१॥	२४॥	२५॥	३३	२२॥	२३॥	१९	२८	२२	१८	२२	१६॥	२६	२८	२८	२०	२६॥	१८॥	२१	२७	१४	१५	२७	२५॥	२८॥	२४	२४॥	२६	२०॥	२१	९॥	१५॥	१८॥	२६॥	२७॥
	चि.२	१२॥	५॥	१८॥	२३	१९॥	११॥	१९	२६	२४॥	२०	१२	२६	२३	९	१५	२४॥	२७	२८	२०	१९	२६॥	२९	१३	२७	२७	१३	११॥	२२	१७	१७॥	१९	१६॥	१७	२४	१७॥	२०॥	१०॥	२०॥

वरवधूगुणमेलापकसारिणी

गुण मिलानमा ३६ अंक हुन्छ। १८ अंक भन्दा कम भएमा विवाह जुर्दैन। २० अंक भए मध्यम, ३० सम्म भए उत्तम ३० देखि माथि अतिउत्तम मानिन्छ। नाडी, षडाष्टक अनिवार्य जुर्नु पर्दछ।

वर राशि		मेष			वृष			मिथुन			कर्कट			सिंह			कन्या			तुला			वृश्चिक			धनु				मकर				कुम्भ			मीन		
राशि	नक्षत्र	अश्विनी	भरणी	कृत्तिका १	कृत्तिका ३	रोहिणी	मृगशिरा २	मृगशिरा २	आर्द्रा	पुनर्वसु ३	पुनर्वसु १	तिष्य	अश्लेषा	मघा	पू. फाल्गुनी	उ.फाल्गुनी १	उ.फाल्गुनी ३	हस्ता	चित्रा २	चित्रा २	स्वाती	विशाखा ३	विशाखा १	अनुराधा	ज्येष्ठा	मूल	पू.षाढा ।।	पू.षाढा ३।।	उ.षाढा १	उ.षाढा ३	श्रवण १।।	श्रवण २।।	धनिष्ठा २	धनिष्ठा २	शतभिषा	पू.भाद्रपदा ३	पू.भाद्रपदा १	उ.भाद्रपदा	रेवती
तुला	चि.२	२२	१५	२८	२३	१९।।	११।।	१३	२०	१८।।	१९।।	१२	२५।।	२६	१२	१८	१७।।	२०	२१	२८	२७	३४।।	२४।।	८।।	२२।।	२७	१३	११।।	२२	२५	२५।।	२७	२४।।	१९	२६	१९।।	१३।।	३।।	१३।।
	स्वा.	२८	२९	१७	१२	१५	२५।।	२७	२६	२७	२८	२८	१३।।	१३	२५	२६	२५।।	२७।।	२१	२८	२८	२०	१०	२२।।	१७।।	२३	२७	२५।।	१९	२२	२३	२४।।	२८।।	२३	२१	२७	२१	१९।।	१२।।
	वि.३	२२	२३	२०	१५	१०	१८	१९।।	२०	२०	२१	२१	१७।।	१८	२०	१८	१७।।	१८।।	२७।।	३४।।	१९	२८	१८	१८	२२।।	२७	२१	१९।।	१४	१७	१६	१७।।	३१	२५।।	२६	२१	१५	१३	५।।
वृश्चिक	वि.१	१७।।	१८।।	१५।।	२०।।	१५।।	२३।।	१३	१३।।	१३।।	१९	१९	१५।।	२३।।	२५।।	२३।।	१८	१९	२८	२३।।	८	१७	२८	२८	३२।।	२२।।	१६।।	१७।।	९।।	१३	१२	११	२७	२६	२६।।	२१।।	२१	१९	११।।
	अ.	२५।।	१५।।	२०।।	२५।।	२८।।	२१।।	११	१६	२०।।	२६	१९	२१	२६।।	२२।।	३१।।	२६	२६	१२	७।।	२१।।	१७	२८	२८	३१	१६।।	१४।।	१५।।	२२।।	२६	२७	२६	१४	१३	२२	२६।।	२६	१९	२७
	ज्ये.	१३	१८।।	२५।।	३०।।	२३।।	२३।।	१३	३	५	१०।।	२१	२६	३३	२५।।	१८।।	१३	१२	२५	२०।।	१५।।	२०।।	३१।।	३०	२८	१५	१७।।	१८।।	१७।।	२१	२१	२०	२७	२६	१९	१२	११।।	२२	२१
धनु	मू.	११।।	१९।।	२४	१८।।	१२।।	१२।।	२१	१५	१२	८	१७	२३	२४।।	१८।।	१०	१३	१३	२६	२६	२१	२६	२३।।	१६।।	१६	२८	२८	२६।।	२६।।	१५	१५	२६।।	२०	२८।।	२१।।	१४।।	१६	२५	२६।।
	पू.।।	२५।।	१८।।	१७।।	१२	१८।।	१०।।	१९	२७	२७	२३	१३	१७	१९।।	२७।।	२५।।	२८।।	२७	१२	१२	२७	२०	१७।।	१६।।	१८।।	२८	२८	२६।।	३४	२३	२३	२४।।	८	१६।।	२३।।	३०।।	३२	२३	३२
	पू.३।।	२७	२०	१९	१३।।	२०	१२	१७।।	२५।।	२५।।	२४	१५	१८।।	२१	१९	२७	२७	२५।।	१०।।	१०।।	२५।।	१८।।	१८।।	१७।।	१९।।	२६।।	२६।।	२८	३२।।	२४	२४।।	२३	९।।	१५	२२	२९	३३।।	२४।।	३३।।
	उ.१	२४	२५।।	१२।।	७	१०	१६।।	२५	२७	२७	२३	२४	९	१०	२५।।	२६।।	२९	२८।।	२१	२१	१९	१३	१०।।	२४।।	१८।।	२६।।	३६	३४।।	२८	१७	१६।।	१८	१२५	२३।।	२३।।	२९।।	३१	३२	२३
मकर	उ.३	२८	२९।।	१६।।	१४	१७	२३।।	२०	२२	२२	२८	२९	१४	६।।	२२	२३	२५।।	२४।।	१७	२४	२२	१६	१४	२८	२२	१६	२५।।	२७	१७।।	२८	२८	२६।।	२६।।	१७	१७	२३	३०।।	३१।।	२२।।
	श्र.१।।	२८	२८	१४।।	१२	१८	२७	२३।।	२१	२२	२८	२६	१५	७।।	१९।।	२१	२३।।	२४।।	१८।।	२५।।	२२	१६	१४	२८	२३	१७	२३	२४।।	१४।।	२५	२८	२६।।	३०	२०।।	१८	२३	३०।।	२९।।	२३।।
	श्र.२।।	२६।।	२६।।	१३	१०।।	१६।।	२५।।	२५	२२।।	२३।।	२६।।	२५	१३।।	६	१८	१९।।	२५	२६	२०	२७	२३।।	१७।।	१३	२७	२२	१८	२४।।	२३	१६	२४	२६।।	२८	२८।।	२२	१९।।	२४।।	२९	२८	२२
	ध.२	२१	१२	२७	२४।।	२१	१३	९।।	१६।।	१६	२२	१३	२८	१९।।	५।।	१३।।	१६	१९।।	१६।।	२३।।	२६।।	३०	२८	१४	२८	२१	८	९।।	१६	२७	२८	२६।।	२८	१८।।	२३।।	१९	२६।।	१५।।	२२।।
कुम्भ	ध.२	१९।।	१०।।	२५।।	३०	२६।।	१८।।	१२	१९	१८।।	१३।।	४।।	१९।।	२५	११	१९	१७।।	२१	१८	१९	२२	२५।।	२७	१३	२७	२९।।	१६।।	१५	२४।।	१८	१९।।	२१	१९।।	२८	३३	२८।।	१८	७	१४
	श.	१४।।	२०।।	२७।।	३२	२५	२६।।	२०	१२	१३	८	१५	२०।।	२७	२१	१३	११।।	९।।	२५	२६	२०	२६	२७।।	२२	२०	२२।।	२४।।	२३	२४।।	१८	१८	१९।।	२४।।	३३	२८	१९	८।।	१७	१६
	पू.३	१७।।	२४।।	१९।।	२४	२१	३१	२४।।	१७	१८	१३	२०	१३।।	१९	२५	१७	१५।।	१७।।	१८।।	१९।।	२८	२१	२२।।	२८।।	१३	१५।।	३०।।	२९	३०।।	२४	२४	२५।।	२०	२८।।	१९	२८	१७।।	२२।।	२०
मीन	पू.१	१५।।	२२।।	१७।।	२०	२७	२७	२५।।	१८	१९	१८	२५	१८।।	१७।।	२३।।	१५।।	१६।।	१८।।	१९।।	१२।।	२१	१४	२१	२७	११।।	१५	३०	३१।।	३०	३०	२९।।	२८	२५।।	१७	७।।	१६।।	२८	३३	३०।।
	उ.	२५।।	१६।।	१९।।	२२	२६	१८	१६।।	२५।।	२७	२६	१९	२०	१८।।	१६।।	२६।।	२७।।	२६।।	९।।	२।।	१९।।	१२	१९	२०	२२	२४	२२	२३।।	३१	३१	२९।।	२८	१४।।	६	१६	२१।।	३३	२८	३४
	रे.	२६	२५।।	१२।।	१५	१८	२७	२५।।	२४।।	२६।।	२५।।	२७	१४	१४	२४।।	२४।।	२५।।	२६।।	२०।।	१३।।	११।।	५।।	१२।।	२७	२२	२६।।	२९	३०।।	२१	२१	२१।।	२०	२२।।	१४	१६	१८	२९।।	३४	२८

अथावकहडाचक्रसहितं वरवधूमेलापकचक्रम्

चर णागत नामाक्षर	चु.चे. चो.ला.	ली.लु. ले.लो	अ.इ. उ.ए.	ओ.वा. वि.वु.	वे.वो. क.कि.	कु.घ. ङ.छ.	के.को. ह.हि.	हु.हे. हो.डा.	डी.डु. डे.डो.	मा.मि. मु.मे.	मो.टा. टि.टु.	टे.टा. पा.पी.	पु.ष. ण.ठ.	पे.पो रा.री.	रु.रे. र ो.ता	ती.तु. ते.तो.	ना.नी. नु.ने.	नो.या. यी.यू.	ये.यो. भा.भी.	भू.ध. फा.ढा.	भे.भो. जा.जी.	जु.जे. जो.ख.	खी.खु. खे.खो.	गा.गी. गु.गे.	गो.सा. सी.सु.	से.सो. दा.दी.	दु.थ. झ.ञ.	दे.दो. चा.ची.
नक्षत्र	अश्विनी	भरणी	कृतिका	र	मृगशीरा	आर्द्रा	पुनर्वसु	तिष्य	अश्लेषा	मघा	पू.फा.	उ.फा.	हस्ता	चित्रा	स्वाती	विशाखा	अनु.	ज्येष्ठा	मूल	पू.षा.	उ.षा.	अभि.	श्रवण	धनिष्ठा	शतभिषा	पू.भा.	उ.भा.	रेवती
राशि	मेष	मेष	मे.१ वृ.३	ोहिणी	वृ.२ मि.२	मिथुन	मि.३ क.१	कर्कट	कर्कट	सिंह	सिंह	सिं.१ क.३	कन्या	क.२ तु. २	तुला	तु. ३ वृ.१	वृच्छिक	वृच्छिक	धनु	धनु	ध. १ म.३	मकर	मकर	म. २ कु. २	कुम्भ	कु. ३ मी. १	मीन	मीन
स्वामी	मंगल	मंगल	मं.१ शु.३	वृष	शु.२ बु.२	बुध	बु.३ चं.१	चन्द्र	चन्द्र	सूर्य	सूर्य	सू.१ बु.३	बुध	बु. २ शु. २	शुक्र	शु.३ मं. १	मङ्गल	मङ्गल	बृहस्पति	बृहस्पति	बृ.१ श.३	शनि	शनि	शनि	शनि	श.३ वृ.१	वृहस्पति	वृहस्पति
वर्ण	क्षत्री	क्षत्री	क्षे.१ वै.३	शुक्र	वै.२ शु.२	शुद्र	श.३ ब्रा. १	ब्राह्मण	ब्राह्मण	क्षत्री	क्षत्री	क्ष. १ वै.३	वैश्य	वै. २ शु. २	शुद्र	शु. २ ब्रा.१	ब्राह्मण	ब्राह्मण	क्षत्री	क्षत्री	क्षु. १ वै.३	वैश्य	वैश्य	वै.२ शु.२	शद्र	शु. ३ ब्रा. १	ब्राह्मण	ब्राह्मण
वश्य	चतुष्पद	चतुष्पद	चतुष्पद	वैश्य	चं.२ द्वि.२	द्विपद	द्वि.३ ज.१	जलचर	जलचर	चतुष्पद	चतुष्पद	चं. १ द्वि. ३	द्विपद	द्विपद	द्विपद	द्वि. ३ की. १	किट	किट	द्विपद	भू.॥ द्वि भू. ३॥च	द्वि. १ च. ३	चतुष्पद	श्र.१॥च श्र.२॥द्वि	ज.२ द्वि.२	द्विपद	द्वि. ३ ज. १	जलचर	जलचर
योनी	अश्व	गज	अज	चतुष्पद	नाग	श्वान	मार्जार	अज	मार्जार	मुषक	मुषक	गौः	महिष	व्याघ्र	महिष	व्याघ्र	मृग	मृग	श्वान	वानर	न्याउरी	न्याउरी अज	वानर	सिंह	अश्व	सिंह	गौः	गज
वैरयोनी	महिष	सिंह	वानर	नाग	न्याउरी	मृग	मुषक	वानर	मुषक	मार्जार	मार्जार	व्याघ्र	अश्व	गौः	अश्व	गौः	श्वान	श्वान	मृग	अज	नाग	अज गज	अज	गज	महिष	गज	व्याघ्र	सिंह
गण	देव	नर	राक्षस	न्याउरी	देव	नर	देव	देव	राक्षस	राक्षस	नर	नर	देव	राक्षस	देव	राक्षस	देव	राक्षस	राक्षस	नर	नर	नर देव	देव	राक्षस	राक्षस	नर	नर	देव
नाडी	आद्य	मध्य	अन्त्य	नर	मध्य	आद्य	आद्य	मध्य	अन्त्य	अन्त्य	मध्य	आद्य	आद्य	मध्य	अन्त्य	अन्त्य	मध्य	आद्य	आद्य	मध्य	अन्त्य	अन्त्य	अन्त्य	मध्य	आद्य	आद्य	मध्य	अन्त्य
आशन	अश्व	प्रेत	अग्नी	अन्त्य	मृग	नाग	कमल	कलश	काक	महिष	शिला	शिला	गज	मयूर	दोल	अज	हंस	कच्छप	मूल	शयन	शयन	शयन नर	नर	आढक	वृष	भद्रपीठ	भद्रपीठ	चक्र

नववर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना।



प. हरिप्रसाद सापकोटा
अध्यक्ष
ब्राह्मण समाज नेपाल
कर्णाली प्रदेश समिति, सुर्खेत

गरुडादिवर्गा

जु जे जो ख अभिजित् (उत्तरषाढाको चौथो पाउ र श्रवणको १५ भागको १ भाग मिलेर बनेको हुन्छ।

अक्षर	अ इ उ ए ओ	क ख ग घ ङ	च छ ज झ ञ	ट ठ ड ढ ण	त थ द ध न
वर्ग	गरूडः(वैर-सर्पः)	मार्जारः (वैर-मुषकः)	सिंहः (वैर-मृगः)	श्वानः(वैर-मेषः)	सर्पः (वैर-गरूडः)

अक्षर	प फ ब भ म	य र ल व	श ष स ह	राशिको नाम र बोलाउने नाम मध्ये राशिको नामलाई प्राथमिकतामा राखेर हेर्नुपर्दछ।
वर्ग	मुषकः(वैर-मार्जारः)	मृगः (वैर-सिंहः)	मेषः (वैर-श्वानः)	

ग्रहमैत्री चक्रम्

ग्रह	मित्र	शत्रु	सम	उँच नीच दशा	स्वगृह	मूल त्रिकोण	विप्र वर्णादी	पितश्वेतादी	धातु	प्रकृति	प्रश्न	लग्नस्थान दोष	राहू प्राक्फल	दिशा	ए.पा. दृष्टि	द्वि. दृष्टि	त्रि. दृष्टि	पूर्ण दृष्टि
वृ.	७ गमनम्	५ कार्यसिद्धि
मि.	६ शत्रुनाश	४ कुक्षिरुक
क.	५ दैन्यम्	३ श्रीप्राप्ति
सि.	४ माननाश	२ धनलाभ
क.	३ श्रीप्राप्ति	१ अन्नलाभ
तु.	२ भयम्	१२ व्यय
वृ.	१ स्थाननाश	११ लाभ
ध.	१२ व्यय	१० सुखम्
म.	११ लाभ	९ नृपभी
कु.	१० कर्मप्राप्ति	८ कष्टम्
मी.	९ कान्तिक्षय	७ स्त्रीसुखम्

ह.चि.स्वा.................गमनम्
वि.अनु.ज्ये.मू.पूषा.उषा......सुखम्
श्र.ध.शत...................पीडा
पूभा.उभा.रे.अश्वि.भ.कृ....वस्त्रम्
रो.मृ.आ...................हानी
पुन.पु.श्ले.म.पूफा.उफा....धनम्

पौष (धनु) संक्रान्ति फल

श्री विक्रम संवत् २०८२ साल श्रीशाके १९४७ सिद्धार्थिनाम संवत्सरे श्रीसूर्य दक्षिणायने हेमन्त ऋतौ पौष कृष्णपक्ष द्धादशी तिथौ स्वाती नक्षत्रे अतिगण्डयोगे तैतिल करणे मंगलवासरे दिवा १३:३३ प्रवादनकाले प्रविष्टस्तदा श्रीसूर्य धनु राशि मार्गशीर्ष गतो पौषमासः प्राप्तः। वारतो महोदरी चौरसुखा, नक्षत्रतो महोदरी चौरसुखा, कालतो नटघ्नी षडशीतिमुखानाम्नी धनु संक्रान्तिः प्राप्त। अस्य स्वरुप रासभारुढा मेषोपवाहना पाण्डुरवस्त्रा दण्डायुधा लोहपात्रहस्ता पकवान्नाशना मृतिकालेपा पंक्षीजाती केतकीपुष्पनिविष्टा सुप्ता हास्यावस्था प्रवालभरणा युवती उत्तरमुखा मुहूर्ता १५ धान्यार्घवृष्टिषु अनिष्ठफलदा मासदेवता नारायणो मासदेवी लक्ष्मी मासार्को विष्णु धनुषि सूर्यः तुलायां चन्द्रः कर्के गुरुः। तिथि वारश्च नक्षत्रं योग करणमेव च पञ्चाङ्गस्य फलं श्रुत्वा गंगास्नान फलं लभेत्।

संक्रान्ति फल चक्रम्

रा.	सूर्य फल	चन्द्र फल
मे.	९ कान्तिक्षय	७ स्त्रीसुखम्
वृ.	८ कष्टम्	६ लाभ
मि.	७ गमनम्	५ कार्यसिद्धि
क.	६ शत्रुनाश	४ कुक्षिरुक
सि.	५ दैन्यम्	३ श्रीप्राप्ति
क.	४ माननाश	२ धनलाभ
तु.	३ श्रीप्राप्ति	१ अन्नलाभ
वृ.	२ भयम्	१२ व्यय
ध.	१ स्थाननाश	११ लाभ
म.	१२ व्यय	१० सुखम्
कु.	११ लाभ	९ नृपभी
मी.	१० कर्मप्राप्ति	८ कष्टम्

चि.स्वा.वि..................गमनम्
अनु.ज्ये.मू.पूषा.उषा.श्र........सुखम्
ध.शत.पूभा...................पीडा
उभा.रे.अश्वि.भ.कृ.रो......वस्त्रम्
मृ.आ.पुन....................हानी
पु.श्ले.म.पूफा.उभा.ह.........धनम्

माघ (मकर) संक्रान्ति फल

श्री विक्रम संवत् २०८२ साल श्रीशाके १९४७ सिद्धार्थिनाम संवत्सरे श्रीसूर्य उत्तरायणे शिशिर ऋतौ माघ कृष्णपक्ष द्वादशी तिथौ अनुराधा नक्षत्रे वृद्धि योगे कौलव करणे विहीवासरे रात्रौ २१:१० प्रवादनकाले प्रविष्टस्तदा श्रीसूर्य मकर राशि पौष मास गतो माघ मासः प्राप्तः । वारतो मन्दाकिनी नृप सुखा, नक्षत्रतो मन्दाकिनी नृपसुखा, कालतो क्षत्रियघ्नी अयननाम्नी मकर संक्रान्तिःप्राप्त । अस्य स्वरुपम् वराहरुढा वृषोपवाहना हरितवस्त्रा खड्गायुधा तामपात्रहस्ता भैक्ष्याशना चन्दनलेपा सर्पजाती बकुलपुष्पा उध्वा रत्यावस्था मुक्ताभरणा गतालकवया पश्चिममुख मुहूर्ता ३० धान्यार्घवृष्टिषु मध्यमफलदा मास देवता माधवो मासदेवी रुक्मिणी मासार्को अरुणो मकरे सूर्यः वृच्छिके चन्द्रः कर्के गुरुः । तिथि वारश्च नक्षत्रं योग करणमेवच पञ्चाङ्गश्य फलं श्रुत्वा गंगास्नान फलं लभेत् ।

संक्रान्ति फल चक्रम्

रा.	सूर्य फल	चन्द्र फल
मे.	१० कर्मप्राप्ति	८ कष्टम्
वृ.	९ कान्तिक्षय	७ स्त्रीसुखम्
मि.	८ कष्टम्	६ लाभ
क.	७ गमनम्	५ कार्यसिद्धि
सि.	६ शत्रुनाश	४ कुक्षिरुक
क.	५ दैन्यम्	३ श्रीप्राप्ति
तु.	४ माननाश	२ धनलाभ
वृ.	३ श्रीप्राप्ति	१ अन्नलाभ
ध.	२ भयम्	१२ व्यय
म.	१ स्थाननाश	११ लाभ
कु.	१२ व्यय	१० सुखम्
मी.	११ लाभ	९ नृपभी

अनु.ज्ये.मू.	गमनम्
पूषा.उषा.श्र.ध.शत.पूभा	सुखम्
उभा.रे.अश्वि	पीडा
भ.कृ.रो.मृ.आ.पुन	वस्त्रम्
पु.श्ले.म	हानी
पूफा.उफा.ह.चि.स्वा.वि	धनम्

फाल्गुण (कुम्भ) संक्रान्ति फल

श्री विक्रम संवत् २०८२ साल श्रीशाके १९४७ सिद्धार्थिनाम संवत्सरे श्रीसूर्य उत्तरायणे शिशिर ऋतौ फाल्गुण कृष्णपक्ष एकादशी तिथौ मूल नक्षत्रे बज्र योगे बालव करणे शुक्रवासरे दिवा ७:५५ प्रवादनकाले प्रविष्टस्तदा श्रीसूर्य कुम्भ राशि माघमास गतो फाल्गुण मासः प्राप्त । वारतो मिश्रा पशु सुखा, नक्षत्रतो राक्षसी चाण्डाल सुखा, कालतो पिशाचघ्नी विष्णुपदिनाम्नी कुम्भ संक्रान्तिः प्राप्त । अस्य स्वरुप व्याघारुढा तुरंगोपवाहना पीतवस्त्रा गदायुधा रौप्यपात्रहस्ता परमान्नशना कुङ्कुमलेपा भूतजाती जातीपुष्प निविष्टा भोग्यावस्था किङ्किण्या भरणा कुमारी दक्षिणमुखा मुहूर्ता ३० धान्यार्घवृष्टिषु मध्यमफलदा । मास देवता गोविन्दो मासदेवी धात्री मासार्को कुम्भे सूर्यः धनुषि चन्द्रः मिथुने गुरुः । तिथि वारश्च नक्षत्रं योग करणमेवच पञ्चाङ्गश्य फलं श्रुत्वा गंगास्नान फलं लभेत् ।

संक्रान्ति फल चक्रम्

रा.	सूर्य फल	चन्द्र फल
मे.	११ लाभ	९ नृपभी
वृ.	१० कर्मप्राप्ति	८ कष्टम्
मि.	९ कान्तिक्षय	७ स्त्रीसुखम्
क.	८ कष्टम्	६ लाभ
सि.	७ गमनम्	५ कार्यसिद्धि
क.	६ शत्रुनाश	४ कुक्षिरुक
तु.	५ दैन्यम्	३ श्रीप्राप्ति
वृ.	४ माननाश	२ धनलाभ
ध.	३ श्रीप्राप्ति	१ अन्नलाभ
म.	२ भयम्	१२ व्यय
कु.	१ स्थाननाश	११ लाभ
मी.	१२ व्यय	१० सुखम्

ज्ये.मू.पूषा	गमनम्
उषा.श्र.ध.शत.पूभा.उभा	सुखम्
रे.अश्नि.भ	पीडा
कृ.रो.मृ.आ.पुन.पु	वस्त्रम्
श्ले.म.पूफा	हानी
उफा.ह.चि.स्वा.वि.अनु	धनम्

चैत्र (मीन) संक्रान्ति फल

श्री विक्रम संवत् २०८२ साल श्रीशाके १९४७ सिद्धार्थिनाम संवत्सरे श्रीसूर्य उत्तरायणे वसन्त ऋतौ चैत्र कृष्णपक्ष एकादशी तिथौ श्रवण नक्षत्रे परिघ योगे बालव करणे आइतवासरे रात्रौ २७:३६ प्रवादनकाले श्रीसूर्य मीन राशि प्रविष्टस्तदा फाल्गुण मास गतो चैत्रमासो प्राप्तः । वारतो राक्षसी चाण्डाल सुखा, नक्षत्रतो महोदरी चौर सुखा, कालतो क्षत्रियघ्नी षडशीतिमुखानाम्नी मीन संक्रान्ती प्राप्तः । अस्य स्वरुप व्याधारुढा तुरगोपवाहना पीतवस्त्रा गदायुधा रौप्यपात्रहस्ता परमान्नाशना कुंकुमलेपा भूतजाती जातिपुष्पनिविष्ट भोग्यावस्था किङ्ण्याभरणा कुमारी दक्षिणमुखा मुहूर्ताः ३० धान्यार्घवृष्टिषु मध्यमफलदा मासदेवता विष्णु मासदेवी रमा मासार्को वेदाङगो मीने सूर्यः मकरे चन्द्रः मिथुने गुरुः । तिथि वारश्च नक्षत्रं योग करणमेव च पञ्चाङ्गश्य फलं श्रुत्वा गंगास्नान फलं लभेत् ।

संक्रान्ति फल चक्रम्

रा.	सूर्य फल	चन्द्र फल
मे.	१२ व्यय	१० सुखम्
वृ.	११ लाभ	९ नृपभी
मि.	१० कर्मप्राप्ति	८ कष्टम्
क.	९ कान्तिक्षय	७ स्त्रीसुखम्
सि.	८ कष्टम्	६ लाभ
क.	७ गमनम्	५ कार्यसिद्धि
तु.	६ शत्रुनाश	४ कुक्षिरुक
वृ.	५ दैन्यम्	३ श्रीप्राप्ति
ध.	४ माननाश	२ धनलाभ
म.	३ श्रीप्राप्ति	१ अन्नलाभ
कु.	२ भयम्	१२ व्यय
मी.	१ स्थाननाश	११ लाभ

उषा.श्र.ध	गमनम्
शत.पूभा.उभा.रे.अश्वि.भ	सुखम्
कृ.रो.मृ	पीडा
आ.पुन.पु.श्ले.म.पूफा	वस्त्रम्
उफा.ह.चि	हानी
स्वा.वि.अनु.ज्ये.मू.पूषा	धनम्

विंशोत्तरी, त्रिभागी र योगिनी दशान्तर दशा तालिका ज्ञानम्

विंशोत्तरी दशा चक्रम्

सूर्य दशावर्ष ६ कृ. उफा. उषा	चन्द्र दशावर्ष १० रो., ह., श्र.	मंगल दशावर्ष ७ मृ., चि., ध.	राहु दशावर्ष १८ आ., स्वा., शत.	गुरु दशावर्ष १६ पुन., वि, पूभा.	शनि दशावर्ष १९ ति., अनु., उभा.	बुध दशावर्ष १७ श्ले., ज्ये., रे.	केतु दशावर्ष ७ म., मू. अश्वि.	शुक्र दशावर्ष २० पूफा., पूषा. भ.
ग्रह ब. म. दि.	ग्रह ब. म. दि.	ग्रह ब. म. दि.	ग्रह ब. म. दि.	ग्रह ब. म. दि.	ग्रह ब. म. दि.	ग्रह ब. म. दि.	ग्रह ब. म. दि.	ग्रह ब. म. दि.
सू. ० ३ १८	चं. ० १० ०	मं. ० ४ २७	रा. २ ८ १२	सू. २ १ १८	श. ३ ० ३	बु. २ ४ २७	के. ० ४ २७	शु. ३ ४ ०
चं. ० ६ ०	मं. ० ७ ०	रा. १ ० १८	बृ. २ ४ २४	चं. २ ६ १२	बु. २ ८ ९	के. ० ११ २७	शु. १ २ ०	सू. १ ० ०
मं. ० ४ ६	रा. १ ६ ०	बृ. ० ११ ६	श. २ १० ६	मं. २ ३ ६	के. १ १ ९	शु. २ १० ०	सू. ० ४ ६	चं. १ ८ ०
रा. ० १० २४	बृ. १ ४ ०	श. १ १ ९	बु. २ ६ १८	रा. ० ११ ६	शु. ३ २ ०	सू. ० १० ६	चं. ० ७ ०	मं. १ २ ०
बृ. ० ९ १८	श. १ ७ ०	बु. ० ११ २७	के. १ ० १८	बृ. २ ८ ०	सू. ० ११ १२	चं. १ ५ ०	मं. ० ४ २७	रा. ३ ० ०
श. ० ११ १२	बु. १ ५ ०	के. ० ४ २७	शु. ३ ० ०	श. ० ९ १८	चं. १ ७ ०	मं. ० ११ २७	रा. १ ० १८	बृ. २ ८ ०
बु. ० १० ६	के. ० ७ ०	शु. १ २ ०	सू. ० १० २४	बु. १ ४ ०	मं. १ १ ९	रा. २ ६ १८	बृ. ० ११ ६	श. ३ २ ०
के. ० ४ ६	शु. १ ८ ०	सू. ० ४ ६	चं. १ ६ ०	के. ० ११ ६	रा. २ १० ६	बृ. २ ३ ६	श. १ १ ९	बु. २ १० ०
शु. १ ० ०	सू. ० ६ ०	चं. ० ७ ०	मं. १ ० १८	शु. २ ४ २४	बृ. २ ६ १२	श. २ ८ ९	बु. ० ११ २७	के. १ २ ०

त्रिभागी दशा चक्रम्

सूर्य दशावर्ष ४।० कृ., उ.फा., उ.षा.	चन्द्र दशावर्ष ६।८ रो., ह., श्र.	मंगल दशावर्ष ४।८ मृ., चि., ध.	राहु दशावर्ष १२।० आ., स्वा., शत.	गुरु दशावर्ष १०।८ पुन., वि, पूभा.	शनि दशावर्ष १२।८ ति., अनु., उभा.	बुध दशावर्ष ११।४ श्ले., ज्ये., रे.	केतु दशावर्ष ४।८ म., मू. अश्वि.	शुक्र दशावर्ष १३।४ पूफा., पूषा. भ.
ग्रह ब. म. दि.	ग्रह ब. म. दि.	ग्रह ब. म. दि.	ग्रह ब. म. दि.	ग्रह ब. म. दि.	ग्रह ब. म. दि.	ग्रह ब. म. दि.	ग्रह ब. म. दि.	ग्रह ब. म. दि.
सू. ० २ १२	चं. ० ६ २०	मं. ० ३ ८	रा. १ ९ १८	सू. १ ५ २	श. २ ० २	बु. १ ७ ८	के. ० ३ ८	शु. २ २ २०
चं. ० ४ ०	मं. ० ४ २०	रा. ० ८ १२	बृ. १ ७ ६	चं. १ ८ ८	बु. १ ९ १६	के. ० ७ २८	शु. ० ९ १०	सू. ० ८ ०
मं. ० २ २४	रा. १ ० ०	बृ. ० ७ १४	श. १ १० २४	मं. १ ६ ४	के. ० ८ २६	शु. १ १० २०	सू. ० २ २४	चं. १ १ १०
रा. ० ७ ६	बृ. ० १० २०	श. ० ८ २६	बु. १ ८ १२	रा. ० ७ १४	शु. २ १ १०	सू. ० ६ २४	चं. ० ४ २०	मं. ० ९ १०
बृ. ० ६ १२	श. १ ० २०	बु. ० ७ २८	के. ० ८ १२	बृ. १ ९ १०	सू. ० ७ १८	चं. ० ११ १०	मं. ० ३ ८	रा. २ ० ०
श. ० ७ १६	बु. ० ११ १०	के. ० ३ ८	शु. २ ० ०	श. ० ६ १२	चं. १ ० २०	मं. ० ७ २८	रा. ० ८ १२	बृ. १ ९ १०
बु. ० ६ २४	के. ० ४ २०	शु. ० ९ १०	सू. ० ७ ६	बु. ० १० २०	मं. ० ८ २६	रा. १ ८ १२	बृ. ० ७ १४	श. २ १ १०
के. ० २ २४	शु. १ १ १०	सू. ० २ २४	चं. १ ० ०	के. ० ७ १४	रा. १ १० २४	बृ. १ ६ ४	श. ० ८ २६	बु. १ १० २०
शु. ० ८ ०	सू. ० ४ ०	चं. ० ४ २०	मं. ० ८ १२	शु. १ ७ ६	बृ. १ ८ ८	श. १ ९ १६	बु. ० ७ २८	के. ० ९ १०

योगिनी दशान्तर महादशा तालिका

योगिनी	दशा								ग्रह	नक्षत्र
मंगला	मं.	पि.	धा.	भ्रा.	भ.	उ.	सि.	सं.	चन्द्र	श्र.
मास	०	०	१	१	१	२	२	२	१२	ऽऽर्द्रा
दिन	१०	२०	०	१०	२०	०	१०	२०	०	चि.
पिंगला	पि.	धा.	भ्रा.	भ.	उ.	सि.	सं.	मं.	सूर्य	ध.
मास	१	२	२	३	४	४	५	०	२४	पुन.
दिन	१०	०	२०	१०	०	२०	१०	२०	०	स्वा.
धान्य	धा.	भ्रा.	भ.	उ.	सि.	सं.	मं.	पि.	वृह.	शत.
मास	३	४	५	६	७	८	१	२	३६	ति.
दिन	०	०	०	०	०	०	०	०	०	विशा.
भ्रामरी	भ्रा.	भ.	उ.	सि.	सं.	मं.	पि.	धा.	मंगल	अश्वि.
मास	५	६	८	९	१०	१	२	४	४८	श्ले/पु
दिन	१०	२०	०	१०	२०	१०	२०	०	०	पूभा.
भद्रिका	भ.	उ.	सि.	सं.	मं.	पि.	धा.	भ्रा.	बुध	भ.
मास	८	१०	११	१३	१	३	५	६	६०	म.,ज्ये.
दिन	१०	०	२०	१०	२०	१०	०	२०	०	उभा.
उल्का	उ.	सि.	सं.	मं.	पि.	धा.	भ्रा.	भ.	शनि	कृ.
मास	१२	१४	१६	२	४	६	८	१०	७२	पूफा,मू.
दिन	०	०	०	०	०	०	०	०	०	रे.
सिद्धा	सि.	सं.	मं.	पि.	धा.	भ्रा.	भ.	उ.	शुक्र	रो.
मास	१६	१८	२	४	७	९	११	१४	८४	उफा.
दिन	१०	२०	१०	२०	०	१०	२०	०	०	पूषा.
संकटा	सं.	मं.	पि.	धा.	भ्रा.	भ.	उ.	सि.	रा.,के.	गृग.
मास	२१	२	५	८	१०	१३	१६	१८	९६	ह.
दिन	१०	२०	१०	०	२०	१०	०	२०	०	उषा.

जन्मनक्षत्रमा ७ जोडी ९ ले भाग गर्दा शेष विंशोत्तरी तथा त्रिभागी सूर्यादी दशा जान्नु र जन्मनक्षत्रमा ३ जोडी ८ ले भाग गरी शेष मंगलादी योगिनी महादशा जान्नु ।

	सूर्य	चन्द्र	मंगल	राहु	गुरु	शनि	बुध	केतु	शुक्र
विंशोत्तरी	६	१०	७	१८	१६	१९	१७	७	२०
त्रिभागी	४ ०	६ ८	४ ८	१२ ०	१० ८	१२ ८	११ ४	४ ८	१३ ४

योगिनी	मं.	पि.	धा.	भ्रा.	भ.	उ.	सि.	सं.
	१	२	३	४	५	६	७	८
	१	३	६	१०	१५	२१	२८	३६
	३७	३९	४२	४६	५१	५७	६४	७२

गुरु, शुक्र अस्तमा गर्न हुने र गर्न नहुने कार्यहरु

गर्न हुने कार्यहरुः गुरु शुक्र अस्त, बाल एवम् बृद्धत्वको अवस्थामा स्नान, सन्ध्या, दुर्गा पूजा, चतुर्मासको व्रत, तुलसीको पूजा, तुलसीको विवाह, तुलसी मठमा हवन, जन्माष्टमी, रामनवमी, नवरात्री, यमपञ्चक लगायत अर्को गति नभएका नित्यकर्महरु तर्पण, श्राद्ध, मृत्युकर्म, आशोच, ग्रहणको स्नान, अन्नप्राशन, ग्रहशान्ति, नित्य र नैमित्तिक कार्यहरु गर्नुहुन्छ।

गर्न नहुने कार्यहरुः बगैचाको निर्माण, जलाशयको निर्माण, गृहनिर्माण आरम्भ, निर्माण सम्पन्न गृहमा प्रवेश, चान्द्रायणादि व्रतारम्भ, उद्यापन, तुलादान, महादान, सोमयाग, अष्टकाश्राद्ध, आग्रायणेष्टि, प्रथम पाकर्म, उपनिषद्व्रत, वेदव्रत, काम्यबृषोत्सर्ग, शिशुको अतिक्रान्त संस्कार, दीक्षाग्रहण, व्रतबन्ध, विवाह, कहिले नगरेको देवताको दर्शन, कहिले नगएको तीर्थाटन, अग्नीहोत्रलिन, चतुर्मास्याग, समावर्तन, दिव्यपरीक्षा, एकाह, सप्ताह, नवाह, पुराण लगाउन, मन्दिरको निर्माण आरम्भ, देवता स्थापना, प्राणप्रतिष्ठा, चूडाकर्म, आदि अन्य दिनमा पनि गर्न मिल्ने काम्यकर्म गुरु शुक्रको अस्त तथा तिनको बालत्व तथा वृद्धत्व र अधिकमास तथा क्षयमासमा समेत गर्नु हुँदैन। गुरु शुक्र अस्त हुनुपूर्व ७ दिन पहिलेदेखि वृद्धत्व हुन्छन भने उदय भएको ७ दिनसम्म बालत्व हुन्छन्।

(स्रोतः धर्मसिन्धु, निर्णय सिन्धु)

शरिरमा हुने तिल वा कोठीको फल ज्ञान

- ◆निधारको मध्य भागमा कोठी भएमा - भाग्यमानी
- ◆निधारको बायाँ भागमा भएमा - विलासिता
- ◆निधारको दायाँ भागमा भएमा - धनी
- ◆दाहिने आँखामा कोठी भएमा - राम्रो प्रेम सम्बन्ध हुने
- ◆देब्रे आँखामा कोठी भएमा - चिन्ता र दुःखी
- ◆दाहिने गालामा कोठी भएमा - धनवान हुने
- ◆बायाँ गालामा कोठी भएमा - कामुक हुने
- ◆ओठको तल कोठी भएमा - निर्धन हुने
- ◆नाक अगाडि कोठी भएमा -सफलता प्राप्त गर्ने
- ◆ओठको माथि कोठी भएमा - दाम्पत्य जीवनमा सफलता
- ◆ओठको बायाँ कोठी भएमा - झगडालु हुने
- ◆दाहिने हातमा कोठी भएमा - बुद्धिमान् हुने
- ◆देब्रे हातमा कोठी भएमा - झगडालु हुने
- ◆बुढी औंलामा कोठी भएमा - न्यायप्रिय तथा कुशल
- ◆घाँटीमा कोठी भएमा - इमान्दार तथा धार्मिक
- ◆दायाँ छातीमा कोठी भएमा - भाग्यशाली हुने
- ◆बायाँ छातीमा कोठी भएमा - असफलता
- ◆कम्मरमा कोठी भएमा - दुःखी जीवन बिताउने
- ◆दायाँ पैतालामा कोठी भएमा - विदेश यात्रा
- ◆बायाँ पैतालामा कोठी भएमा - यात्रामा कष्ट

पाञ्चायन देवता स्थापना र पुजन विधि

आदित्यं गणनाथं च देवीं रुद्रं च केशवम्। पञ्चदैवत्यमियुक्तं सर्वकर्मसु पूजयेत् ॥ शुद्ध आसनमा वसी दीयो बती वाली आचमनगरी अर्घ स्थापना गर्ने, अर्धमा चन्दन, अक्षता, फूल, चढाउने अनि जौ, तिल, कुश अर्घमा हाल्ने त्यसपछि अर्घबाट ३ टुक्रा कुश हातमा लिएर ॐ अपवित्रः पवित्रो वा सर्वावस्थां गतोऽपि वा। यस्मरेत् पुण्डरीकाक्षं सवाह्याभ्यान्तर शुचि ॥ मन्त्रोचारण गर्दै अर्धको जल शरीरमा छर्कनु ॐ केशवाय नमः। ॐ नारायणाय नमः। ॐ माधवाय नमः भनी अर्घबाट ३ टुक्रा कुश, जौ, तिल लिई ॐ विष्णुः ॐ तत्सदद्य श्री मद्भावतो महापुरुषस्य विष्णोराज्ञया प्रवर्त्तमानस्य ब्रम्हणो द्वितीयपरार्द्धे श्री श्वेत वाराह कल्पे सप्तमे वैवस्वतमन्वन्तरे अष्टा विंशतितमे कलियुगस्याद्यचरणे जम्बूद्वीपे भरतखण्डे आर्यावर्त्तैक देशान्तर्गते...पुण्यक्षेत्रे, ...संवत्सरे, ... अयने, ... ऋतौ, ... मासे, ... पक्षे, ... तिथौ, ... वासरे, ... नक्षत्रे, ... गोत्रोत्पन्न, ... नामाहं मम कायिक वाचिक मानसिक सांसर्गिक ज्ञात ज्ञात सकलदोष परिहारार्थ श्रुतिस्मृति पुराणेक्त फल प्राप्त्यर्थ श्री परमेश्वर प्रित्यर्थ देवपुजनं करिष्ये ॥ भनी संकल्प गर्नु र पूजा गर्न थाल्नु आगच्छ भगवानदेव स्थाने चात्रस्थिरो भव। यावत पूजा करिष्यामि तावत्व सन्निधौ भव। अब देव प्रतिष्ठा गर्नु- अस्यैप्राणा प्रतिष्ठन्तु अस्यैप्राणा क्षरन्तु च। अस्यै देवत्व मर्चायै मामहेति च कश्चन ॥ फूलको आसनदिनु - सम्यं सुशोभनं दिवइ सर्व सौख्यकरशुभम्। आसनञ्च मयादत्तं गृहाण परमेश्वर। जल चढाउनु- उष्णोदकं निर्मल च सर्व सौगन्ध संयुत्तम्। पाद प्रक्षालनार्थाय दत्तं ते प्रति गृहयताम्। अर्ध्य गृहाणा देवेश गन्ध पुष्पाक्षतैः सह। करुणाकर मे देव गृहाणार्ध्य नमोस्तुते ॥ पुनः जल चढाउनु- सर्वतीर्थ समायुक्त सगन्धि निर्मल जलम्। आचम्यतां मयादत्त गृहणा परमेश्वर। पुनः जल चढाउनु- गङ्गासरस्वती रेवापयोष्णी नर्मदाजलै। सनापितो सि मयादेव तथा शान्ति कुरुष्वमे ॥ पंचामृत चढाउनु- पयोदधि घृतचैव मधु शर्करया युतम्। पंचामृत मायानीत स्नानर्थ प्रति गृहयाताम् ॥ पुनः जल चढाउनु- मन्दाकिन्या स्तुयद्वारि सर्वणापहरंशुभम्। तरिदंकल्पित देव स्नानार्थ प्रति गृहयतम्। वस्तु चढाउनु- सर्व भूषाधिके सौभ्यलोकलब्जा निवारण मयोपपादिते तुभ्य वाससी प्रतिगृहयातम्। जनै चढाउनु- नवभि स्तन्तुभिर्युत्तम् प्रिगुण देवतामय। उपवीतं मयादत्तं गृहाण परमेश्वर। श्रीखण्ड चन्दन चढाउनु- श्रीखण्ड चन्दन दिव्यं गन्धाढ्यं सुमनोहरम् विलोपन सुरश्रोयष्ठ चन्दनं प्रतिगृहयाताम् ॥ अविर सिन्दूर चढाउनु- अविरचं गुलाल च चोवा चन्दन मेव त। अविरेणार्चितोदेव अतः शान्ति प्रयच्छमे। सिन्दूर शोभन रक्त सौभाग्यं सुखवर्धन। शुभदं कामदं चैव सिन्दूर प्रति गृध्यत्ताम्। अक्षता चढाउनु- अक्षतांच सुरश्रेष्ठा कुकुमोक्ताः सुशोभिता मयानिवेदिता भक्त्वा गृहाणा परमेश्वर ॥ फुलमाला चढाउने माल्यादीनि सुगधीनि मालत्यादीनि वै प्रभो। मयाहुतानि पुष्पाणि गृहाण परमेश्वरः ॥ धूप दीप गर्नु- वनस्पति रसदभूतो गन्धाढ्यौ अन्ध उत्तमः। आधयं सर्वदेवनानां भूपोयं प्रतिष्ठ्यताम् ॥ सजाय च वति संयुक्त वाहिना योजित मया दीपं गृहाण देवेश त्रैलोक्य तिमिरापहम्। नैवेद्य चढाउनु- शर्करा घृत संयुक्त मुधुरस्वादु चौत्तमम्। उपहार समायुक्तं नैवेद्य प्रतिग्रहयतां ॥ आचमन गर्न जल चढाउनु- गंगाजलं समानीत सवर्ण कलशे स्थितम्। आचम्यतां सुरश्रेष्ठ शुद्धमाचमनीयकम् ॥ फलफूल चढाउनु - इदं फलं मयादेव स्थापित परतस्तव। तेनमे सफलावाप्तिर्भ वेज्जन्म निजन्मनि ॥ पानसुपारी चढाउनु- पूगी फलं महादिव्यं नाग वल्ली दलैयुतम्। एलादि चूर्णसहितं ताम्बूलं प्रति ग्रहयताम्। भेटी चढाउनु- हिरण्य गर्भगर्भस्थ हेमबीजं विभावसो। अनन्तपुराण फलदो अतः शान्ति प्रयच्छेमे ॥ आरती गर्नु- चन्द्रादित्यौ त धरणी विताम्श्नि तथैव च। त्वमेव सर्व ज्यातिषी आर्तिक्यं प्रति ग्रह्यताम् ॥ पुष्पाजली चढाउनु- पुष्पाणि सन्तव्रततु सांप्रत मेषजीव ॥ प्रदक्षिणा गर्नु- यानिकानिचपापानि जन्मान्तर कृतानि त। तानि सर्वणि नश्यनतु प्रदक्षिण पदे पदे ॥ प्रार्थना गर्नु- जन्मानि सन्तु ममदेव शर्ताधिकानि माया नमे विशतु चितमबोध हेतुः किंचित् क्षणार्धमपिते चरणा- रविन्द ध्यानेस्तुमे हृदयभीश नमो नमस्ते दक्षिणा संकल्प गर्नु- सिद्धिरस्तु अमुक देव पूजन साङ्गफल प्राप्तये अमुक द्रव्यं, अमुक देवता प्रातये अमुक गोत्राय, अमुक नाम ब्राम्हणाय दाष्ये तत्सत् नमः मन्त्रले ब्राम्हणलाई दक्षिणा दिएर अर्धघुमाई पूजा समाप्त गर्नु।

सूर्य पिंगला

यन्त्र

६	१	८
७	५	३
२	९	४

दान गर्ने वस्तुहरुः रातो कपडा, तामा, सुन, माणिक्य, गहुँ, घ्यू, रातो कपडा, मसुरो, कमलको फूल, रक्तचन्दन, बाच्छो सहितको गाई, करवीरको फूल ।

वैदिकमन्त्रः ॐ आकृष्णेनजरसाव्वर्त्तमानो निवेशयन्नमृतमर्त्यञ्च । हिरण्ययेनसवितारथेन देवोयातिभुवनानिपश्यन् ॥

तान्त्रिक मन्त्रः ॐ धृणि सूर्याय नमः ।

जप संख्याः ७ हजार र शिवको पूजा गर्ने ।

स्तोत्रम्ः जपाकुसुम संकाशं काश्यपेयं महाद्युतिम् ।
तमोरिं सर्वपापघ्नं प्रणतोऽस्मिदिवाकरम् ।

रत्नः माणिक्य ३ वा ५ रत्तीको रवि पुष्ययोगमा साहिली औलामा धारण गर्नुपर्दछ ।

चन्द्र मंगला

यन्त्र

७	२	९
८	६	४
३	१०	५

दान गर्ने वस्तुहरुः मोती, सुन, चांदी, चामल, बासकोप्याड, सेतो कपडा, सेतोबाच्छो, मिश्री, दही, कपुर, सेतो चन्दन, सेतोफूल, शंख ।

वैदिकमन्त्रः ॐ इमन्देवाऽ असपत्वनटसूवदध्व म्महते क्षत्रायमहते ज्यैष्ठ्यायमहते जानराज्यायेन्द्रस्येन्द्रियाय ।
इममनुष्य पुत्रममुष्यै पुत्रमस्यै विशऽएषवोमीराजा सोमोऽस्माकम्ब्राहाणानाटराजाः ।

तान्त्रिक मन्त्रः ॐ सों सोमाय नमः । **जप संख्याः** ११ हजार र देवीको पूजा ।

स्तोत्रम्ः दधिशंखतुषाराभं क्षीरोदार्णवसम्भवम् नमामि शशिनं सोमं शम्भोर्मुकुटभूषणम् ।

रत्नः मोती २, ४, ६, ११ रत्ती शुक्लपक्षको सोमवार वा रोहिणी मा कान्छी औंलामा धारण गर्नुपर्दछ ।

मंगल भ्रामरी

यन्त्र

८	३	१०
९	७	५
४	११	६

दान गर्ने वस्तुहरुः मुंगा, सुन, तामा, मुसुरो, चाकु, घ्यू, रातोचन्दन, रातोकरविरको फूल, रातोकपडा, रातोबाच्छो, केशरी, कस्तुरी ।

वैदिकमन्त्रः ॐ अग्निर्म्मूर्द्धादिवः ककुत्पतिः पृथिव्याक अयम् । अपा गु रेता गु सिजिन्वति ।

तान्त्रिक मन्त्रः ॐ अं अङ्गारकाय नमः ।

जप संख्याः १० हजार र गणेशको पूजा गर्ने ।

स्तोत्रम्ः दधिशंखतुषाराभं क्षीरोदार्णवसम्भवम् नमामि शशिनं सोमं शम्भोर्मुकुटभूषणम् ।

रत्नः मूगा ८ रत्ती सुनको अंगूठीमा मङ्गलवार, अनुराधा नक्षत्रमा माहिली (माझी) औंला धारण गर्नुपर्दछ ।

बुध भद्रिका

यन्त्र

९	४	११
१०	८	६
५	१२	७

दान गर्ने वस्तुहरुः हरियो कपडा, मुग, पन्ना, सुन, घ्यू, काँसो, हात्तीको दाँत, भेडा, थरि-थरीका फूल, कस्तुरी, ।

वैदिकमन्त्रः ॐ उद्बुध्यस्वाग्ने प्रतिजागृहित्व मिष्टापूर्तेस सृजेथामयञ्च अस्मिन्त्सधस्त्थेक अद्ध्यूत्तस्मि न्विश्वेदेवा यज्ञमानश्चसीदत् ।

तान्त्रिक मन्त्रः ॐ बुं बुधाय नमः । **जप संख्याः** ९ हजार र विष्णुको पूजा गर्ने ।

स्तोत्रम्ः प्रियङ्गुकलिकाश्यामं रुपेणाप्रतिमं बुधम् । सौम्य सौम्यगुणोपेतं तं. बुधं प्रणमाम्यहम् ॥

रत्नः पन्ना । ३ वा ६ रत्तीको सुनको औठी बुधवार वा उत्तरफाल्गुनी नक्षत्रमा कान्छी औंलामा धारण गर्नुपर्दछ ।

नवग्रह शान्ति गर्दा पञ्चायन देवता, दीप, कलश, गणेश पूजन तथा सम्बन्धित ग्रहको जप, हवन समेत गर्नुपर्दछ । सम्बन्धित ग्रहको योगिनी समेतको जप तथा हवन गर्नु आवश्यक छ । विस्तृत जानकारी चाहिएमा कश्यप ज्योतिष तथा वास्तु परामर्श केन्द्र वीरेन्द्रनगर सुर्खेतमा सम्पर्क गर्नसक्नु हुनेछ । ९८४८०५०१५३ तथा ९८४८०६९५९५

बृहस्पति धान्य

यन्त्र

१०	५	१२
११	९	७
६	१३	८

दान गर्ने वस्तुहरुः पुष्पराज (पन्ना), कांशको भांडा, घ्यू, चनाकोदाल, पहेलो कपडा, बेसार हलेदो), पहेलोधान, पहेलो फूल, पहेलो फलफूल, नुन, घोडा, पुस्तक हुन् ।

वैदिकमन्त्रः ॐ बृहस्पतेऽअतियदर्य्योऽ अर्हाद्युमद्विभातिक्रतुमज्जनेषु । यद्दीदयच्छवसऽ ऋतप्रजाततदस्मासुद्र विणन्धेहिचित्रम् ।

तान्त्रिक मन्त्रःबृं बृहस्पतये नमः । **जपसंख्याः** १९ हजार र कूलदेवताको पूजा गर्ने ।

स्तोत्रम्ः देवानां च ऋषिणां च गुरुं काञ्चनसन्निभम् ।
बुद्धिभूतं त्रिलोकेशं च नमामि बृहस्पतिम् ।

रत्नः मूगा ९ रत्तीको गुरुवार जेठी (बुढी) औंला धारण गर्नुपर्दछ ।

शुक्र सिद्धा

यन्त्र

११	६	१३
१२	१०	८
७	१४	९

दान गर्ने वस्तुहरुः छिरबिरे (बुट्टा) कपडा, चामल, घिउ, सुन, चाँदी, हिरा, सुगन्ध, द्रव्य, श्रीखण्ड, सेतोघोडा, दुहुनी गाई ।

वैदिकमन्त्रः ॐ अन्नात्परिस्रुतोरसम्ब्राहाणा व्यपिबत्क्षत्रम्मयः सोमम्प्रजापतिः । ऋतेनसत्यमिन्द्रिय विपानटशुक्रमन्धसऽ इन्द्रस्येन्द्रियमिदम्पयोमृतम्मधुः ।

तान्त्रिक मन्त्रःॐ शुं शुक्राय नमः ।

जप संख्याः १६ हजार ईन्द्रायणीको पूजा गर्ने ।

स्तोत्रम्ः हिमकुन्दमृणालाभं दैत्यानां परम गुरुमं । सर्वशास्त्रप्रवक्तारं भार्गवं प्रणमाम्यहम् ॥

रत्नः हिरा २ वा ७ रत्तीको शुक्रवार वा मृगशिरा नक्षत्रमा कान्छी औला धारण गर्नुपर्दछ ।

शनि उल्का

यन्त्र

१२	७	१४
१३	११	९
८	१५	१०

दान गर्ने वस्तुहरुः निलम, भैसी, कालो कपडा, फलाम, तिल, मास, गहत, तेल, सुन, कालीगाई।

वैदिकमन्त्रः ॐ शन्नोदेवि रभिष्टय आपो भवन्तु पीतये। शंयोरभिस्नवन्तुत ः।

तान्त्रिक मन्त्रःॐ शं शनैश्चराय नमः।

जप संख्याः २३ हजार भगवतीको पूजा गर्ने।

स्तोत्रम्ः निलाञ्जनसमाभासं रविपुत्रं यमाग्रजम्। छायामार्तण्डसम्भूतं तं नमामि शनैश्चरम्।

रत्नः नीलम ३, ६,७,१० रत्तीको श्रवण नक्षत्र वा शनिवार माहिली औलामा धारण गर्नु पर्दछ।

राहु संकटा

यन्त्र

१३	८	१५
१४	१२	१०
९	१६	११

दान गर्ने वस्तुहरुः कालो भेडो, गोमेदमणी, फलाम, कम्बल, सुनको सर्प, तिलपूर्ण ताम्रपात्र, तेल, मास , कालोवस्त्र, घोडा।

वैदिकमन्त्रः ॐ कयानश्चित्रकआभुवद्तीसदाबृधः सखा। कयाशचिष्ठयाबृता।

तान्त्रिक मन्त्रःॐ रां राहवे नमः।

जप संख्याः १८ हजार भैरवपूजा गर्ने।

स्तोत्रम्ःअर्धकायं महाविर्य चन्द्रादित्यविमर्दनम्। सिहिकागर्भसम्भुतं तं राहुं प्रणमाम्यहम्।

रत्नः गोमेद ३, ६ रत्तीको बुधवार उत्तरफाल्गुणी नक्षत्रमा साहिली औलामा धारण गर्नु पर्दछ।

केतु विकटा

यन्त्र

१४	९	१६
१५	१३	११
१०	१७	२२

दान गर्ने वस्तुहरुः वैदूर्यमणी, तेल, कस्तुरी, तिल, ऊन, ध्वाँसे कपडा, बोको, मास, सुन, खड्ग, नून, कम्बल, ध्वाँसेफूल।

वैदिकमन्त्रः ॐ केतुङ् कृण्वन्नकेतवेपेशोमर्या अपेशसे। समुषद्भिरजायथाः।ॐ केतुङ् कृण्वन्नकेतवेपेशोमर्या अपेशसे। समुषद्भिरजायथाः।

तान्त्रिक मन्त्रःॐ के केतवे नमः। **जप संख्याः** १८ हजार भैरवपूजा गर्ने।

स्तोत्रम्ः पलाशपुष्पसंकाशं तारकाग्रहमस्तकम्। रौद्रं रौद्रात्मकं घोरं तं केतुं प्रणमाम्यहम्।

रत्नः लहसुनिया, वैदूर्यमणि ३, ६ रत्तीको गुरुपुष्य योगमा साहिली औलामा धारण गर्नु पर्दछ।

योगिनीहरुको तान्त्रिक मन्त्र

मंगलाः ॐ ह्रीं मंगले मंगलायै स्वाहा।

पिंगलाः ॐ ग्लौं पिंगले वैरिकारिणी प्रसिद फट् स्वाहा।

धान्याः ॐ श्री धनदे धान्यै स्वाहा।

भ्रामरीः ॐ भ्रामरी जगतामधीश्वरी भ्रामरी क्लीं स्वाहा।

भद्रिकाः ॐ भद्रिके भद्रं देहि अभद्रं नाशय स्वाहा।

उल्काः ॐ उल्के मम रोगं नाशय जृम्भय स्वाहा।

सिद्धाः ॐ ह्रीं सिद्धे मे सर्वमानसं साधय स्वाहा।

संकटाः ॐ ह्रीं संकटे मम रोगं नाशय स्वाहा।

विकटाः ॐ नमो भगवति मुन्थे कष्टं मथ मथ कार्यं साधय साधय स्वाहा।

योगिनी र मुन्थाको दानः घिउ, मह, तिनी, ताम्रपत्र, पहेंलो कपडा, सुन। इष्टदेवता पूजा।

अथ नवग्रह स्तोत्रम्

जपा-कुसुम-संकाशं काश्यपेयं महाद्युतिम्।
तमोऽरिं सर्वपापध्नं प्रणतोऽस्मि दिवाकरम्॥
दधि-शंखतुषाराभं क्षीरोदार्णव-सम्भवम्।
नमामि शशिनं सोमं शम्भोर्मुकुटभूषणम्॥
धरणीगर्भसम्भूतं विद्युत्कान्तिसमप्रभम्।
कुमारं शक्तिहस्तं तं मंगलं प्रणमाम्यहम्॥
प्रियङ्गुकलिकाश्यामं रूपेणाप्रतिमं बुधम्।
सौम्यं सौम्यगुणोपेतं तं बुधे प्रणमाम्यहम्॥
देवानां च ऋषीणां च गुरुंकाञ्चनसन्निभम्।
बुद्धिभुतं त्रिलोकेशं तं नमामि वृहस्पतिम्॥
हिमकुन्द-मृणालाभं दैत्यानां परम गुरुम्।
सर्वशास्त्रप्रवक्तारं भार्गवं प्रणमाम्यहम्॥
नीलाञ्जनसमाभासं रविपुत्रं यमाग्रजम्।
छायामार्तण्डसम्भूतं तं नमामि शनैश्चरम्॥
अर्धकायं महावीर्य चन्द्रादित्यविमर्दनम्।
सिंहिकागर्भसम्भूतं तं राहुं प्रणमाम्यहम्॥
पलाश-पुष्प-संकाशं तारकाग्रहमस्तकम्।
रौद्रं रौद्रात्मक घोरं तं केतुं प्रणमाम्यहम्॥
इति व्यासमुखोद्गीतं यः पठेत् सुसमाहित।
दिवा वा यदि वा रात्रौ विघ्नशान्दिर्भविष्यति॥
नर-नारी-नृपाणां च भवेद्दुःस्वप्ननाशनम्।
ऐश्वर्यमतुलं तेषामारोग्यं पुष्टिवर्धनम्॥
ग्रहनक्षत्रजाःपीडास्तस्कराऽग्नि समुद्भावाः।
ताः सर्वाः प्रशमं यान्ति व्यासो ब्रुते न संशयः॥

ग्रहमुख चक्रम् रविभात

ग्र.	सू.	चं.	शु.	श.	बु.	मं.	बृ.	रा.	के.
न.	३	६	९	१२	१५	१८	२१	२४	२७
फ.	अ.	शु.	शु.	अ.	शु.	अ.	शु.	अ.	अ.

पुरुष जन्मकुण्डली द्वादश भाव फल

भाव	१ तनु	२ धन	३ भ्राता	४ शरिर	५ सुत	६ रिपु	७ जाया	८ मरण	९ धर्म	१० कर्म	११ रुद्र	१२ व्यय
सूर्य	शर अगद	वक्ता, रोगी धनी	सुखी विकर्मी	असुखी सोद्विग्न	विस्वः असुत	वलवान सत्रुजीत	स्त्रीजीत खल	रोगी अल्पायू	सुतार्थ सुख	सुख सौर्य	बहु धनवान	व्यङ्ग पतित
चन्द्र	सुरुप अन्ध	कुटुम्बी धनी	हिम्रक सात्विक	सुखी सुशिल	धनी पुत्रवान	अल्पायू बहुसत्रु	ईर्ष्यूस्ती ब्रमद	व्याध्यर्दित	भाग्यवान	धर्मार्थ सौभाग्य	ख्षतसलाभ	भङ्गहिन
मंगल	क्रुर वाणी	कोपी कुटिल	विक्रर्मी सुधी	विमुख पीडित	असुत दरिद्र	अरिजित सुखी	दारजीत रण	अल्पपुत्र रोगी	पापरत दुमर्नो	सुख सौर्यवान	बहुधनी सुखी	जातीभ्रष्ट दारहा
बुध	विद्वान सुखी	धनी गुणी	दुर्जन अरिमर्दन	पीडित सुखी	मन्त्री असुत	असत्रु विशिल	धर्मज्ञ सुकृति	सद्गुणी धनी	पुत्रार्थ सुख	सुखी पराक्रम	यसस्वी धनी	अत्र पतित
गुरु	चिरायू विद्वान	सुवाक् धनी	कृपण पापी	सुखी धनी	श्रीमान् प्रतापी	असत्रु कामी	पितृत्तोधिक	नीच अनायू	तपस्वी पुत्र	साधन सुकृत	सलाभपुत्रादी	खल दरिद्र
शुक्र	सकामी सुखी	धनी सुवाक्य	पापी कृपण	सुखी सुधी	सुखी श्रीमान्	रोगी असत्रु	कलहप्रिय	नीज दीर्घायू	प्रतापी तपस्वी	मानवान	सुमती	खल बन्धुनाश
शनि	निष्व रोगी	वक्ता रोगी	अतिविक्रमवान	विसुख दुःखी	दरिद्री विपुत्र	सत्रुजीत सुखी	स्त्रीजीत दुःखी	नेत्र रोगी	सुतार्थ सुख	सुखी पराक्रम	धनवान	दुःखी पतित
राहु	सकामी रोगी	अधर्मी विरोधी	सुधी विक्रमी	असुखी हानी	कुमति दुर्भग	सवल श्रीयुक्त	सप्रेम असूची	रोगी गतायू	विकल दैत्य	मानी सुखी	धनी पुत्रवान	कष्ट पतित
केतु	मतायू सकामी	खलधर्म हानी	सुरपराक्रमी	मातृहानी दुःखी	असुत मुर्ख	धनी सवीर्य	प्रमेहरोगी दाराहा	क्लेश वाणी	पापी दुर्भग	श्रेष्ठ पितृहानी	ख्याती सघन	दुर्जन पतित

स्त्री जन्मकुण्डली द्वादश भाव फल

भाव	१ तनु	२ धन	३ भ्राता	४ शरिर	५ सुत	६ रिपु	७ जाया	८ मरण	९ धर्म	१० कर्म	११ रुद्र	१२ व्यय
सूर्य	विधवा	दरिद्र सुपीडा	सुतधनान्विता	दरिद्र सुपीडा	नष्ठात्मजा	सुख धनाढ्य	सर्वसुखाविभुक्ता	विधवा दुखार्ता	धनधर्मान्विता	सुकर्मरता	सुलाभा	सरोगा विधवा
चन्द्र	अल्पायू	बहुधन पुत्रान्विता	सुखार्ययुक्ता	सुभगार्थयुक्ता	सुपुत्रा सखयुक्ता	सरोगा विधवा	पतिप्रिया	रोगदिंता कुनेत्रा	सुखपुत्रान्विता	धनधर्मयुक्ता	भव्य विधिज्ञा	हिनाङ्गि व्ययाढ्या
मंगल	विधवा	बन्ध्या सरोगा	सहजविरहिता	दुखात्तविधवा	अपुत्राकृसङ्गता	रोगादीसहिता	विधवा कुलटा	विधर्मरोगता	विश्वमा दुखिनी	सुकर्मरता	नृपादर्थलाभा	खलागार्ता
बुध	सौभाग्यबृद्धि	धनाढ्य सति	धनाढ्य पुत्रवती	सुखगृहान्विता	धिकान्तियुक्ता	गतायखाकोपा	पतिव्रता	कृतघ्नभित्रियुक्ता	सुभोगा सुधर्म	सत्कर्म बृद्धि	सुलभा पतिव्रता	कृशांगी सुपुत्रा
गुरु	सतिसुरभा	वित्तसौभाग्ययुक्ता	सहजान्विता	सौख्यार्थयुक्ता	साध्विसगुण	ब्रह्मपदासत्यहन्ती	सौभाग्य कृतियुक्ता	सरोगा विशिला	कृतज्ञपुत्रढ्या	साध्वीसुभगा	सुपुत्र सुरुपा	सरुज्जा सुव्यय
शुक्र	सुखपतिव्रता	सधनामुदान्विता	धनाढ्या परहन्ति	सुखकृतियुक्ता	सुख सुतान्विता	विशुखा दरिद्र	पतिप्रिया शास्त्ररत	विशुखा प्रभता	धर्मपरासुभागा	सुकमार्थयुक्ता	पुत्रार्थलाभ	सुव्यय दुखार्ता
शनि	पीडाभयम्	दरिद्र दुःख	सुखदा	पीडा बन्ध्या	विमुखा	सुखम्	दोपिडा	पीडाकारक	पापबृद्धि	पापरता	वित्तलाभ	रोगार्थ
राहु	जीवनकष्ट	वैरन्च	क्लेश	शोक	क्लेश	लक्ष्मीप्राप्ति	हानी	रोगी	पापरत	वैरन्च	धनप्राप्ति	पीडा
केतु	हानी	वित्तनाश	बृद्धि	पीडा भय	पुत्रनाश	सौभाग्य	दुर्गती भय	रोग दुःख	पाप शोक	कुकर्मरथा	सुख सम्पदा	खला सरोगा

गोचर अनुसार तन्वादिभावस्थित सूर्यादिग्रहफल

स्थान	प्रथम	द्वितीय	तृतीय	चतुर्थ	पञ्चम	षष्टम	सप्तम	अष्टम	नवम	दशम	एकादश	द्वादश
सूर्य	हानी यात्रा	हानी पीडा	धनप्रद	कष्ट रोग	दुःख पीडा	सौभाग्य	यात्रा	रोग पीडा	कान्तिक्षय पाप	सिद्धिप्राप्ति	धर्म द्रव्यलाभ	व्यय कृत
चन्द्र	अन्न प्रद	धनलाभ	धन सौख्य	पीडा भय	कर्मनाश	धनलाभ	धनलाभ	महारोग	राजभय दुःख	सुख भोग	लाभप्रद	शोक चिन्ता
मंगल	भय प्रद	क्षतिप्रद	धनलाभ	शत्रुभय	रोगभय	धननाश	अर्थनाश	शस्त्र भय	रोगप्रद	लाभप्रद	लाभ सुख	धनहानी
बुध	बन्धन कृत	धनलाभ	शत्रुभय	धन सुख	पीडाप्रद	लक्ष्मीप्राप्ति	पीडा दुःख	द्रव्य प्रद	पीडा भय	लाभ सुख	लाभप्रद	द्रव्यक्षय बाधा
गुरु	भय कृत	धनलाभ	क्लेश पीडा	शत्रुवृद्धि भय	सौख्य	शोक पीडा	राजमान	रोग भय	सौख्य आनन्द	दीनता कष्ट	मान सम्मान	पीडाप्रद
शुक्र	शत्रुनाश	धनलाभ	सुख धन	बहुसुख	पुत्रकष्ट	शत्रुबृद्धि	शोक प्रद	सुख धनप्रद	वस्त्र, धर्म	पीडाप्रद	धन लाभ	धनप्रद
शनि	हानी भय	क्लेश	धन सुख	दुःख पीडा	हानी भय	सुख खुसी	दोष भय	पीडा कष्ट	पाप कृत	शोकप्रद	धनाधिपति	कष्ट अनर्थ
राहु	भय हानी	निर्धन	धनप्रद	वैर कृत	शोक कृत	धन लाभ	वादविवाद	पीडा प्रद	पापप्रद	वैरकृत	सुखभोग	धननाश शोक
केतु	रोग भय	वैर वित्तनाश	सुखबृद्धि	पीडा दुःख	अर्थनाश	धन लाभ	दुर्गती पीडा	पीडा हानी	दुष्कृति	शोक भय	कृतिमान	पीडा वैरञ्च

ताजिकोक्त वर्षकुण्डली अनुसार तन्वादिद्वादशभावस्थित सूर्यादिग्रहफल

स्थान	प्रथम	द्वितीय	तृतीय	चतुर्थ	पञ्चम	षष्टम	सप्तम	अष्टम	नवम	दशम	एकादश	द्वादश
सूर्य	क्लेशभय चिन्ता	शोक नृपभय	पराक्रम धनलाभ	पीडा हानी	रोग पुत्रवियोग	सौख्यम शत्रुनाश	स्त्रीकष्ट पीडा	शोक कष्टभय	धर्मबृद्धि राजपद	सुख राज्यप्राप्ति	सुखार्थ लाभ	उद्वेग पीडा
चन्द्र	कफज्वर पीडा	नेत्रपीडा धननाश	धनप्राप्ति हर्ष	सुख शत्रुनाश	सुमति सुख	व्यय अंगपीडा	ज्वराति भयम्	विविध कष्टभय	पुण्योदय धनागंम	सुखकर्म धनलाभ	यश कृतिलाभ	व्यय नेत्रपीडा
मंगल	वातर्तिव्रण	शोक धननाश	वैरञ्च द्रव्यलाभ	व्यासन रुभय	पुत्राब्दि दुर्गती	शत्रुनाश सुख	स्त्रीकष्ट ज्वरपीडा	पुण्योदय	राज्यार्थ लाभ	धन वस्त्रलाभ	विरोध कर्णपीडा	सौख्य धनलाभ
बुध	सौख्य धनलाभ	धनलाभ सुख	सुख सम्मान	सुख लाभ	पुत्राब्दि सुख	रोगभय कलह	धनागंम	व्यग्रता कफार्थी	धनप्राप्ति	मातृसुख	सुखप्राप्ति	शुत्रबृद्धि रोग
गुरु	सौर्यता	धनलाभ खुसी	सौख्य जयप्रद	सफलता प्राप्ति	पुत्राब्दि	शत्रुभय रोग	सुखप्राप्ति	कनिष्टम्	सुख भाग्योदय	राज्यार्थ लाभ	सुखार्थ लाभ	शोक रोगपीडा
शुक्र	सुकृर्तिमान	राज्यप्राप्ति	कान्ति बृद्धि	सुख सौभाग्य	धनागंम	ऋपुकष्टम्	कलत्र सौख्य	ज्वरपीडा भयम्	धन गमनम्	मान उदयलाभ	क्षमार्थ लाभ	व्यय धननाश
शनि	ऋपुभय	पीडा कष्ट	धनप्राप्ति	सुखहरण	सतह पीडा	धनप्राप्ति	स्त्री कष्ट	दुःख रोग	शुत्रनाश सौभाग्य	धनहानी	धनप्राप्ति	कलेशो चिन्ता
राहु	कलह	राजभय	शत्रुनाश	अति दुःखकष्ट	बृद्धि नाश	राजभय रोग	पीडा भय	धन क्षय	धनबृद्धि सुख	बहाननाश	पितापुत्र लाभ	व्याधि भयम्
केतु	चिन्ता पीडा	धननाश	आरोग्य	कष्ट राजभय	पीडा दुर्गती	सुख गमनम्	क्लेश स्कृच	ज्वरपीडा	भाग्योदय सम्मान	कृत्यार्थ	पुत्रार्थ	शोक दुःख चिन्ता
मुन्था	शत्रुनाश	सुयशा व्यर्थ	कार्यसिद्धि	अंग पीडा	सुबृद्धि सम्मान	रोगभय	रोगभय	दुर्व्यसन	भाग्योदय	राजपूज्य	धर्मार्थ लाभ	धनलाभ सुव्यय

वास्तुशास्त्र विचार, दोष निवारण प्रकरण

वास्तुशास्त्र एक प्राचीन वैज्ञानिक जीवन शैली हो । वास्तु शब्द वस् धातुबाट लिइएको हो । जसको अर्थ वास गर्नु भन्ने हुन्छ । वास्तु घर निर्माण विद्या होइन यो त घर बनाउनको लागि गरिने कला हो । वास्तुको बारेमा प्राचीन ग्रन्थ अथर्ववेदमा चर्चा गरिएको पाइन्छ । वास्तु भनेको मनुष्य र देवताहरुको निवास स्थान हो । वास्तुशास्त्र ज्योतिषशास्त्रको एक अभिन्न अंग हो । सृष्टि निर्माणको पञ्चतत्व अग्नि, आकाश, वायु, जल तथा पृथ्वीबाट भएको हो । आकाश तत्वप्रधान हो, आकाश तत्वबाट वायुतत्व, वायुतत्वबाट अग्नितत्व, अग्नितत्वबाट जलतत्व र जलतत्वबाट पृथ्वीको उत्पत्ति भएको हो । यिनै पाँच तत्वको संमिश्रणबाट सृष्टिको निर्माण भएको छ । मानवशरीरमा यिनै पञ्चतत्वको समिश्रण भएको पाइन्छ । पृथ्वीमा रहने मानिसहरुलाई पञ्चतत्वसँग समायोजन गर्नुपर्ने हुन्छ । त्यसैले कुनै पनि निर्माण कार्यारम्भ गर्नुपऱ्यो भने यिनै पञ्च तत्वहरुलाई मिलाएर निर्माण कार्य गर्नु शुभ मानिन्छ । वास्तुशास्त्र यिनै पञ्चतत्व तथा दिशाहरूमा आधारित रहेको छ । पूर्व र उत्तर दिशा हल्का हुन्छ भने दक्षिण पश्चिम दिशा भारी हुन्छ, जमिनको ढाल र निर्माण उत्तर पूर्वतर्फ निचो र दक्षिण र पश्चिमतर्फ उचो अत्यावश्यक मानिन्छ। घरको उत्तर पूर्वमा पानीटंकी वा कुवा बनाउनु उपयुक्त हुन्छ । वास्तुले मीठो वातावरणलाई अझ मीठो बनाइदिन्छ । आजभोली वास्तुको प्रभाव दिनप्रतिदिन बढ्दै गएको पाइन्छ वास्तुको वर्तमान प्रचलन केवल मानिसको आवासतर्फबाट केन्द्रित भएको पाइन्छ। तर वास्तुशास्त्रको ध्येय केवल एक क्षेत्रमात्र समेट्ने होइन । घर, भवन, औद्योगिक संस्थान, सार्वजनिक स्थान, मन्दिर, पाटी, पौवा, बनाउनको लागि निम्नानुसारका कुराहरुलाई ध्यान दिनु आवश्यक छ ः

❑भूमिको छनोट गर्दा त्यसको दिशा र आकारमा ध्यान दिनु सबैभन्दा महत्वपूर्ण पक्ष हो चारपाटे वा समकोण भएको घडेरी (जग्गा) घर बनाउनको लागि उत्तम मानिन्छ। ❑ठूलो जग्गा जमिन, धनसम्पति कारक हुन्छ तर उपयुक्त दिशा रोजेर घर बनाउन उपयुक्त मानिन्छ। ❑त्रिकोण भएको जग्गा घर बनाउनको लागि उत्तम मानिदैन यस्तो जग्गा अशुभ हुन्छ। ❑दुवैतिर ठूलो भएको छ तर बीचमा जग्गा सानो छ भने त्यो घडेरी अशुभ मानिन्छ । ❑घर बनाउदा चारै दिशामा ठाउँ खुला राख्नु शुभ मानिन्छ । ❑पूजाकोठा ईसान कोणमा बनाउनु उत्तम मानिन्छ । ❑भान्सा कोठा सदैव आग्नेय कोणमा बनाउनु राम्रो हुन्छ । ❑पश्चिम दिशाको तुलनामा पूर्वदिशामा बढी ठाउँ खाली हुनु शुभ मानिन्छ । ❑ छतमा पानी टंकीहरु दक्षिण-पश्चिम दिशामा राख्नु शुभ मानिन्छ।❑सबै झ्याल र ढोकाहरु एउटै आकारमा राख्नु शुभ मानिन्छ। ❑उत्तर, ईशान र वायव्य दिशामा बढी वजन नभएका सामानहरु राखेमा शुभ मानिन्छ ।❑घर वा भवनको मुख्य द्वार सम्भव भएसम्म एउटा मात्र राख्नु उत्तम मानिन्छ भने त्यसमा शुभ मांगलिक चिन्ह राख्नु अझ शुभ हुन्छ। ❑उत्तर दक्षिण दिशाको तुलनामा पूर्व पश्चिम दिशामा जमिनको लम्बाई धेरै हुनु उत्तम मानिन्छ। ❑वास्तुपूजन नगरिकन नयाँ घरमा प्रवेश गरेमा विभिन्न प्रकारको कष्टहरु भोग्नु पर्नेछ । ❑देवालयमा चार दिशामा ढोका राख्नु शुभ मानिन्छ । ❑पानीको निकास पूर्व वायव्य वा ईशान तथा उत्तर दिशामा राख्नु शुभ मानिन्छ। ❑घरमा सिंढीको ढोका पूर्व वा दक्षिण दिशामा राख्नु राम्रो मानिन्छ। ❑वास्तुशास्त्रअनुसार घरमा बिहान ९ बजेदेखि दिउसो ३ बजेसम्म कुनै पनि रुखको छायाँ पर्ने घर शुभ मानिदैन । ❑अतिथिहरुको स्थान कक्ष उत्तर वा पश्चिम दिशामा बनाउनु शुभ मानिन्छ । ❑नयाँ घरमा नयाँ काठहरुको प्रयोग गर्नु उत्तम मानिन्छ। यदि पुराना काठहरु प्रयोगमा ल्याएमा राम्रो हुँदैन। ❑टी. भि., रेडियो लगायतका सामाग्रीहरु नैऋत्य कोणमा राख्नु उपयुक्त मानिन्छ।

अन्य व्यवस्थापन सम्बन्धि विचार

भान्साको लागि आग्नेयकोण सर्वोत्तम हो। यदि आग्नेय कोणमा सम्भव नभए पूर्व वा पश्चिममा बनाउन सकिन्छ, तर आग्नेय कोणलाई नै प्राथमिकता दिनुपर्दछ। यदि घरको अन्य कुनै दिशामा भान्साघर छ र त्यसलाई बदल्न सकिदैन भने आग्नेय कोणमा एउटा घ्यूको बत्ती वा बल्ब अवश्य बाल्नुपर्दछ । ईशान कोणमा भान्साघर कदापि राख्नु हुँदैन, बनेको भएमा त्यसलाई तुरुन्त बदल्नु पर्दछ। सामान्यतः घरको प्रवेशद्वार पूर्वतर्फ राख्नु पर्दछ र प्रवेशद्वारबाट भान्साघर देखिनु हुँदैन । भान्साघरको वायव्यकोणमा अन्न तेलका भाँडाहरू राख्नु पर्दछ । अनावश्यक खाली भाँडाहरू राख्नु हुँदैन । यदि त्यसो गरियो भने सन्तानक्षय हुन्छ। पानीको गाग्री वा भाँडा भान्साघरको ईशान कोणमा र ग्याँस सिलिण्डर नैऋत्यकोणमा राख्दा राम्रो हुन्छ । फ्रिज नैऋत्य कोणमा राख्नु हुँदैन । गह्रौं खालको सामान राख्दा कोठाको दक्षिण तर्फ राख्नु पर्दछ। भान्सामा राखिएको चूल्हो ग्याँस आदि ढोकाबाट देखिनु राम्रो मानिदैन। भान्सा कोठामा खाने व्यवस्था गरिन्छ भने पूर्व उत्तर पश्चिम तर्फ फर्केर खाँदा उचित हुन्छ तर दक्षिण फर्केर कहिल्यै भोजन गर्नुहुँदैन ।

<u>पूजाकोठाः</u> "घरको पूर्व र उत्तरको बीचको भाग अर्थात् ईशानकोण पूजास्थल हो। यसका अतिरिक्त उत्तर र पश्चिम पनि शुभ नै मानिन्छ। पूजा कोठा सदा स्वच्छ र पवित्र राख्नु पर्दछ। पूजागर्दा उत्तर वा पूर्व फर्केर पूजा गर्नुपर्दछ। पूजा कोठामा सुत्नु हुँदैन। परिस्थितिवश सुत्नु परेमा पर्दाको प्रयोग गर्नु पर्दछ तर यो स्थायी व्यवस्था भने हुनुहुँदैन। यसमा पनि विवाहित दम्पत्तिलाई सर्वथा निषेध छ। हवन आदि गर्नुपरेमा आग्नेय कोणको प्रयोग गर्नुपर्दछ। पूजा कोठामा गणेश, कुवेर, दुर्गाको तस्विर दक्षिणतर्फ ब्रम्हा, विष्णु, शिव, इन्द्र, सूर्यको फोटो वा प्रतिमा

पूर्व अथवा पश्चिम फर्केको, हनुमानजीको फोटो नैऋत्यकोण तर्फ फर्काउनु पर्दछ। अन्य देव-देवीका तस्विर भने उत्तरतर्फको भित्तामा झुण्ड्याउनु पर्दछ। पितृहरूको फोटो भने दक्षिणबाट उत्तरतर्फ फर्काएर राख्दा शुभ हुन्छ।

स्नानघरः घरको पूर्व र ईशान कोणमा स्नानघर वा शौचालय कदापि बनाउनु हुँदैन, (त्यो देवक्षेत्र पूजास्थल हो) यदि निर्माण भइसकेको छ भने त्यहाँबाट हटाउनु नै श्रेयकर हुन्छ। स्नान घरको लागि उत्तर, पूर्व, ईशान, नैऋत्य बाहेकका दिशा उचित हुन्छन्। यसको ढोका पूर्व वा उत्तर फर्केको हुनुपर्दछ। ऐना वाथरुमको भित्र भन्दा बाहिरपट्टी भित्ताको दायाँ भागमा उचित हुन्छ। शौचालयमा बस्दा उत्तर वा दक्षिण फर्कनु राम्रो हुन्छ। पूर्व वा पश्चिम कदापि नफर्कनु। एटेच बाथरुम सुत्ने कोठाको उत्तरतर्फ राख्नैहुँदैन। वासिङ्ग बेसिनको प्रयोग पूर्व वा उत्तर फर्केको हुनुपर्छ तर दक्षिण फर्काउनु हुँदैन। नुहाँउदा भरसक पूर्वतर्फ फर्केर नुहाउनु पर्दछ।

जलाशयः जल नै मानवको जीवन हो घरमा यसका विविध स्वरुपहरू जस्तै इनार, भूमिगत जलभण्डार (अण्डरग्राउण्ड ट्याङ्की) पोखरी, भूगर्भजल बोरिङ), धारा आदिको निर्माण गरिन्छ। यसका लागि ईशानकोण सर्वोत्तम पूर्व वा पश्चिम दिशा पनि उचित नै मानिन्छ तर दक्षिण अशुभ हुन्छ। यदि बनिसकेको भएमा ईशानकोणमा एउटा धारा पानी आउने वा सानो ट्याङ्की (पानी भएको) राख्दा उचित हुन्छ।

शयनकक्षः घरको प्रवेशद्वारका आधारमा अलग-अलग कोण बा दिशामा शयनकक्ष निर्धारित छन्। शयनकक्ष खुल्ला र हावादार हुनुपर्दछ। यसको रङ्ग संयोजन राशि अनुसार गरेमा अत्यन्त शुभप्रद हुन्छ तापनि हल्का निलो, हल्का गुलाबी, हल्का पहेंलो वा आफ्नो इच्छानुसार कुनै हल्कारङ्ग उपयुक्त हुन्छ। पूर्वतर्फ सिरानी गर्नु सबैका लागि उचित हुन्छ। दक्षिणतर्फ कहिल्यै सिरानी नगर्नु भन्ने गरिन्छ तर विवाहित दम्पतिलाई दक्षिण सिरान लगाउनुमा दोष छैन। शयन कक्षमा दिनैपिच्छे तन्ना फेर्ने हो भने आइतवार रातो रङ्गको, सोमवार सेतो, मङ्गलवार गुलाबी, बुधवार हरियो, विहीवार पहेंलो, शुक्रवार सेतो र शनिवार निलोरङ्गको तन्ना लगाएर सुत्दा उचित हुन्छ।

अध्ययन कोठाः अध्ययन कोठामा सरसामानहरू पनि वास्तु अनुरुप राख्दा उपयुक्त हुन्छ। कोठाको दक्षिणपूर्वी कुनामा टेलिभिजन, फ्रिज आदि अग्नितत्व प्रधान विद्युतीय उपकरणहरू राख्नुपर्दछ। टेलिफोन आग्नेयकोणका अलावा रिक्त उत्तर वा वायव्यकोणमा पनि राख्न सकिन्छ। सिलाई मेसिन पश्चिमतर्फ राखेमा राम्रो हुन्छ। सोफासेट दक्षिणबाट उत्तर फर्केको उचित हुन्छ, यसका अतिरिक्त ईशान तथा उत्तरमा पनि राख्न सकिन्छ। श्रृङ्गारटेबल पूर्वपट्टी फर्काएर राख्नुपर्दछ। पुस्तकको दराज पश्चिम फर्केर रहेको राम्रो हुन्छ। कम्प्युटरमा काम गर्दा उत्तर फर्केर उचित हुन्छ।

घरको मूलद्वारः घरको मूलढोका पूर्वबाट पश्चिमतर्फ वा उत्तर वा पूर्व तर्फ प्रवेश भएको शुभ हुन्छ। यसमा सकभर कालो रङ्ग प्रयोग गर्नुहुँदैन। घरको रेलिङमा उज्यालो नीलो वा पहेंलो रङ्ग राम्रो मानिन्छ।

आठ दिशाको प्रयोग विधिः पूर्वः खानाखाने ठाउ, इनार, फूलवारी तथा ढोका आदि। आग्नेयः पाकशाला, विद्युतीय उपकरण, सानोभण्डार आदि। दक्षिणः सामान्यतया सुत्नेकोठा, ठूलारुखहरू, बगैंचा आदि। नैऋत्यः ठूलो भण्डार, मुख्य शयनकक्ष, शौचालय आदि। पश्चिमः स्नानघर शौचालय, पानीट्याङ्की, छायादार रुखहरू। वायव्यः बैठककोठा, सभाहल, मनोरञ्जन उपकरणहरू। उत्तरः इनार, तलाउ, मनोरञ्जन हल आदि। ईशानः पूजास्थल, अध्ययनकक्ष, बच्चाको शयनकक्ष, इनार आदि शुभ तर शौचालय र भोजनालय अत्यन्तै अशुभ।

कार्यालयः कार्यालयको लेखाशाखा पूर्वमा, स्टोर दक्षिणमा, गेट पूर्वमा, पानी ईशानकोणमा, उत्तरतर्फ हल्का सामाग्रीहरू वास्तुशास्त्रीको परामर्शमा स्थापना गर्नुपर्दछ। प्रशासकीय अधिकृतकक्ष उत्तरतर्फ राख्नुपर्दछ। शौचालय केही दक्षिण च्यापेर नैऋत्यकोणमा बनाउनु पर्दछ। कम्प्युटरमा उत्तर फर्केर काम गर्नुपर्दछ। कार्यालयमा आगलागी वा अन्य कुनै दुर्घटनाबाट बच्न वास्तुशास्त्र अनुसार जलतत्व, अग्नि तत्व, पृथ्वीतत्व, तेज वा विद्युततत्वको समायोजन वा अवस्थालाई अवश्य ध्यान दिनुपर्दछ। ठुला भवनहरूमा निकासको अतिरिक्त व्यवस्था पनि अवश्य गर्नुपर्दछ।

घरजग्गा खरिदः घरजग्गा किन्दा क्रेताको राशि र जग्गा रहेको ठाउँको प्रचलित नाम शहर / टोल/ गल्ली/गाउँ कोलोनी आदिको पहिलो अक्षरबाट निस्कने राशिको आधारमा विचार गर्नु पर्दछ। यदि व्यक्तिको राशिदेखि जग्गाको राशि पहिलो र सातौ राशि परेमा त्यस्तो क्षेत्रको जग्गा वा घर किन्दा शत्रु बढ्ने, झगडा आदि हुन्छ। यदि तेसो, चौथो, छैठौं, आठौ र बाह्रौ परेमा पनि अशुभ मानिन्छ। यदि नगर वा शहरको पहिलो अक्षरबाट विचार गर्दा क्रेताको राशिसित मेल नखाएमा टोल, गल्ली, क्षेत्र, कोलनी, गाँउ आदिको प्रचलित नामको पहिलो अक्षरबाट विचार गर्नुपर्दछ। यदि उक्त मध्ये धेरै जसो क्रेताको राशिसित तालमेल नमिलेमा त्यहाँ खरिद बिक्री नगर्दा नै उचित हुन्छ।

वास्तुदोष निवारणको सजिलो उपायः जीवनभरीको कठोर परिश्रमबाट अर्जित धनबाट मानिसले सामान्यतः जीवनमा एकपटक आवासीय घरको निर्माण गर्दछ। त्यसघरमा कुनै वास्तुदोषको ज्ञान भइहालेमा पनि घर परिवर्तन वा अर्को घर बनाउन त्यति सम्भव हुँदैन। वास्तुशास्त्रमा ईशानकोण अत्यन्त महत्वपूर्ण छ अतः घरमा ईशानदोषयत्नपूर्वक निवारण गर्नुपर्दछ। जस्तै ईशानकोण अग्लो भए सम्याउने, उक्त कोणमा रुख वा ढिस्को भए हटाउने, शौचालय भए तुरन्त बन्द गर्ने, ईशानकोणमा मूल प्रवेशद्वार भए घरमा ९ इन्च अग्लो शिवलिङ्ग राखेर पूजन गर्नुपर्दछ। दोषनिवारणार्थ सामान्यतः रुद्री, चण्डीपाठ वा सत्यनारायण आदि पूजाहरू बेला बेलामा गराइराख्नु पर्दछ। घरको प्रवेशद्वारमा दुईवटा तामाको पूर्ण कलश राख्ने गर्नुपर्दछ। कलशमा पञ्चपल्लव र चन्दनादिले श्रृङ्गार

गर्नु पर्दछ। प्रवेशद्वारमा शिवतोरण, शिवयन्त्र, रुद्राक्षको माला, तोरण झुण्ड्याउनु पर्दछ। पिरामिड, गमला, घण्टी आदि झुण्ड्याउनु पर्दछ। घरमा तुलसीको विरुवा अवश्य रोप्नुपर्दछ। घरमा सप्रेको तुलसीले सबै दोषहरूको नाश गर्दछ। ॐ स्वस्तिकादि शुभ संकेतहरू राख्नाले पनि दोष निवारण हुन्छ। रातो फूल, रक्तचन्दन, आदिले युक्त अर्घ्य विहानमा सूर्यलाई चढाउनाले पनि सामान्यतः वास्तुदोष निवारण हुन्छ।

घर, मन्दिर, गौशाला, कुनैपनि नयाँ शाला निर्माण गर्दाः

धर्तीको चौकोश हेरी निर्माण अवस्थामा गृहावास्तु जुराई गृहारम्भ गर्नुपर्दछ। तत्पश्चात शिलान्यास गर्दा (ताम्रपात्र, रौप्य, सुवर्ण, प्वाँलो, धानसमेत) पञ्चधातु शिलाको आशनमा राखी शिला शुद्ध काठ वा पत्थर माथि पूजा गर्नु। वास्तु विचार गर्दा वास्तुशल्या नयन चक्र विचार गरी शल्य पत्ता लगाई सल्य भएमा शल्य निकाली फ्याक्नु। घर मालिकको श्वराअक्षरबाट अ वर्गादी वर्गबाट घरको चौकोश भित्रको शल्य निकाली फ्याक्नु। त्यसपछि शुभ राशि भएको मानिसले शिला राखी पूजा गर्नु। घर तयार भएपछि गुह प्रवेश गरी वास्तु पूजा गर्नु।

वास्तु शल्या नयन चक्रम्

वर्ग	अ वर्ग	क वर्ग	च वर्ग	ट वर्ग	त वर्ग	प वर्ग	य वर्ग	श वर्ग	ह वर्ग
दिशा	पूर्व	आग्नेय	दक्षिण	नैऋत्य	पश्चिम	वायव्य	उत्तर	इशान	मध्य
शल्या के छ ?	मनुष्य हड्डी	खर(उँट) हड्डी	मनुष्य हड्डी	सुनजस्तो माटो	शिशोजस्तो माटो	तुषाङ्गार	शल्या विप्र	गौ शल्या	नृप कपाल
हस्त	१॥।	२	२	१॥	१॥	४	२	१	३
फल	मृत्यु	राजभय	गृहेशमृति	बालमृति	गृहवियोग	दुःस्वप्ना	दरिद्र	गौनाश	सर्वनाश

वास्तु अनुसार गृह

देवगृह पूजास्थान	प्रसुती गृह	सर्ववस्तु स्थान	स्नान गृह	गोरस कक्ष	पाकशाला रसोई
चिकित्सा रोगी कक्ष	ई.	पूर्व		आ.	घृत स्थान
धनसार	उत्तर	गृह		दक्षिण	शयन कक्ष
पेय, जल					
मनोरञ्जन स्थान	वा.	पश्चिम		नै.	शौचालय
पशुशाला बहान, भण्डार	कोप भवन	भोजन कक्ष	अध्ययन कक्ष		शास्त्रामार

मृतिका परीक्षण /माटो हेर्ने ज्ञान

आदित्य हानि शशिनि तु लाभं, भौमे च मृत्युः बुधशुक्र सौख्यम्
गुरौ च लाभं शनिवृत्तिनाशं, राहौ च केतौ मरणं च हेतुः।

यहाँ दिइएको जस्तै चक्र बनाई त्यसमा माटो राख्न लगाई जुन स्थानमा माटो राखिन्छ त्यही अनुसारको फल बताउनु पर्छ।

४	६	२
५	१	३
९	७	८

नागको शिर ज्ञान चक्रम्

नागको शिर	जग खन्ने समयमा
भाद्र, आश्विन, कार्तिकमा पूर्व शिर हुन्छ जान	नागको शिरमा खन्दा आफैलाई पर्ला बाधा
मंसिर, पौष र माघ दक्षिण शिर जान्छ मान	पछाडि खनियो भने छोरा, पत्निलाई आधा
फाल्गुन, चैत्र र वैशाखमा पश्चिमा शिर ठान	जाँघमा खन्नै हुँदैन अनावश्यक व्यय हुन्छ
जेष्ठ, आषाढ र श्रावणमा उत्तर छ शिरको सान	पेटमा पर्दछ खन्नु सफलताले शिखर छुन्छ।

द्विपुष्कर तथा त्रिपुष्कर योग चक्रम्

वार	तिथि	द्विपुष्कर	त्रिपुष्कर
आइत	२।७।१२	धनिष्ठा, चित्रा, मृगशिरा	कृ., पुनवर्सु, उ.फा, विशाखा, उ.षाढा, पू.भाद्र
मंगल	२।७।१२	धनिष्ठा, चित्रा, मृगशिरा	कृ., पुनवर्सु, उ.फा, विशाखा, उ.षाढा, पू.भाद्र
शनि	२।७।१२	धनिष्ठा, चित्रा, मृगशिरा	कृ., पुनवर्सु, उ.फा, विशाखा, उ.षाढा, पू.भाद्र

राहू (वास्तु) मुख पुच्छर विचार

देवालय (मन्दिर) बनाउँदा मीनको सूर्यबाट ३-३ राशि, गृहारम्भमा सिंहको सूर्यबाट ३-३ राशि र जलाशयको आरम्भमा मकरको सूर्यबाट ३-३ राशिहरुमा सूर्य-ईशान, वायव्य, नैऋत्य र आग्नेय यी चारै कुनाहरुमा मुख गरेर घुम्दछ अर्थात् यी दिशाहरुमा राहूको मुख रहन्छ। त्यसकारण यसभन्दा विपरित दिशामा जग खन्नू शुभ रहन्छ। मुखको विपरित कोणमा पुच्छर रहन्छ अर्थात् ईशानमा मुख भए आग्नेय कोणमा पुच्छर रहन्छ त्यही जग खन्नुपर्छ।

श्रवण, मृगशीरा, रेवती, हस्ता, रोहिणी, तिष्य, अश्विनी र तीनै उत्तरा यी नक्षत्र शिलान्यासमा श्रेष्ठ मानिन्छन् भने बज्र, व्याघात, शूल, ज्यतिपात, गण्ड, विष्कुम्भ, परिघ योग र भौम तथा रविवार शिलान्यासमा त्याज्य छन्। पौष, फाल्गुन, वैशाख, भाद्र, श्रावण, कार्तिक यी महिनाहरुमा गृहारम्भ र शिलान्यास तथा स्तम्भप्रतिष्ठा शुभ छन्। यसो गर्नाले पुत्रलाभ, आरोग्यता, आयु तथा धनको वृद्धि हुन्छ।

उनामासिक जुटाउँदा ध्यान दिनु पर्ने

द्विपुष्करे च नन्दासु ह्यामायां च भृगोर्दिने।
चतुदश्यां च नोनानि कृतिकासु त्रिपुष्करे।
द्विपुष्कर-त्रिपुष्कर योग, कृतिका नक्षत्र
शुक्रबार र १।६।११।१४।३० तिथि पार्नु हुँदैन।

वृषवास्तु चक्रम्	
३	दाहः
७	शून्यम्
११	स्थिरता
१४	श्रीःप्राप्ति
१८	लाभः
२१	स्वःनाशः
२५	दरिद्यम्
२८	पीडा

गृहवास्तु मुहूर्तहरुः गुहारम्भ गर्दा कर्ताको सूर्य चन्द्र गुरु बलि भई जामित्र तथा विवाहोक्त दोष छाडि वैशाख, श्रावण, कार्तिक, मार्गशीर्ष, पौष, फाल्गुण महिना, १। २। ३। ५। ६। ७। ८। १०। ११। १२।१३ ।१५ तिथि सोम, बुध, विही, शुक्र र शनिवार रो.मृ.ति. ३ उत्तरा, ह. चि. स्वा. अनु. ध.श्र.रे. नक्षत्रमा आठौ तथा बाह्रौ स्थान शुद्ध र केन्द्र त्रिकोणमा शुभग्रह ३।६।११ स्थान पापग्रहयुक्त लग्नमा वृषवास्तु समेत जुराई गृहारम्भ गर्दा शुभ हुन्छ। घडेरी खन्दा भाद्र, आश्विन, कार्तिक राहुमुख इशान हुने हुँदा आग्नेयमा खन्ने, मार्गशीर्ष, पौष, माघमा राहुमुख वायव्य हुने हुँदा इशान दिशामा खन्ने, फाल्गुण, चैत्र र वैशाखमा राहुमुख नैऋत्यमा हुने हुँदा वायव्य दिशामा खन्ने, ज्येष्ठ, आषाढ र श्रावणमा राहुमुख आग्नेय हुने हुँदा नैऋत्य दिशामा खनेर गृहारम्भ गर्नु शुभ मानिएको छ।

मूल वृक्षचक्रम्		
स्थानानी	घ.	फलानी
मूले	७	मूलनाशः
स्तम्भे	१५	वंशनाशः
त्वक्	२५	मातृक्लेशः
शाखा	३६	मातुलक्लेशः
पत्रम्	४८	राज्यप्राप्तिः
पुष्पम्	५३	मन्त्रीपदं
फलम्	५७	विपुललक्ष्मी
शिखा	६०	अल्पायूः

अशुभ जन्मफल तथा शान्तिविधि

अश्लेषा वृक्ष चक्रम्		
स्थानानी	घ.	फलानी
फलम्	१०	लक्ष्मीः
पुष्पम्	५	राज्यप्राप्ति
पत्रम्	२४	भयम्
शाखा	३१	हानिः
त्वक्	४४	मातृनाशः
लत्ता	५६	पितृक्षयः
केन्द्रः	६०	आत्मनाशः

औसी जन्मफलः औसीमा जन्मनाले आमाबाबुलाई दरिद्र बनाउँछ र जातकको जीवन पनि अति नै संघर्षमय हुन्छ। **शान्तिविधिः** विधिवत कलश स्थापना गरेर औसीका देवता सूर्य र चन्द्रमाको तामा र सुनको प्रतिमा बनाई थालीमाथि स्थापना गरेर 'सविता ... इत्यादी' र 'आप्यावस्व ... इत्यादी' मन्त्रले दुबै मूर्तिको विधिवत पूजा गरी 'सवितृ' र 'सोमोधेनु' मन्त्रले हवन गर्नुपर्दछ।

कृष्ण चतुर्दशी जन्मफलः कृष्ण चतुर्दशीको घटिलाई ६ भाग लगाउने। पहिलो भागमा शुभ, दोस्रो भागमा पितृकष्ट, तेस्रो भागमा मातृकष्ट, चौथो भागमा मातुलकष्ट, पाँचौ भागमा वंशपीडा र छैठौ भागमा धननाश तथा आत्मविनाश हुन्छ। **शान्तिविधिः** तीन आँखा भएको साँढे माथि बसेको शिवजीको सुनको मूर्ति बनाई 'त्र्यम्बकं यजामहे...' मन्त्रले पूजा गरी नवग्रहको १०८ हवन र पुरुषसुक्त पाठ गर्नाले शुभ हुन्छ। **भद्रा, व्यतिपातयोग, तिथिक्षय र यमघण्ट**को जन्म पनि अशुभ हुन्छ। **शान्तिविधिः** ग्रह र शिव पूजा गरेर वर र पिपलको प्रदक्षिणा गरी बिष्णुको मन्त्रले १०८ हवन गरे शान्ति हुन्छ।

मूल निवास ज्ञानः आषाढ, भाद्र, आश्विन, माघ स्वर्गे मूल = **राज्यं**, श्रावण, कार्तिक, पौष , चैत्र = **शून्यम्** भूमौ मूल, वैशाख, ज्येष्ठ, मार्गशीर्ष, फाल्गुण पाताले मूल = धनागमः।

बुध र शुक्रः मार्गी भए पूर्व अस्त पश्चिम उदय, बक्री भए पश्चिम अस्त पूर्व उदय हुन्छ। पूर्व अस्त भए पश्चिम उदय, पश्चिम उदय भए बक्री, बक्री भए पश्चिम अस्त हुन्छ। पश्चिम अस्त भए पूर्वमा उदय, पूर्वमा उदय भए मार्गी, मार्गी भए पूर्वमा अस्त हुन्छन्। **मंगल, वृहस्पति र शनिः** बक्री भए पूर्वमा उदय, पश्चिम अस्त, मार्गी भए पश्चिम अस्त पूर्वमा उदय, पश्चिम अस्त भए पूर्वमा उदय, पूर्वमा उदय भए बक्री, बक्री भए मार्गी र मार्गी भए पश्चिम अस्त हुन्छन्।

एक नक्षत्र जन्मफलः बाबु, आमा, वा दाजु, दिदीको एकै नक्षत्रमा जन्मभएमा दुईमध्य एकलाई मृत्युतुल्य कष्ट गराउछ। यस्तोमा शुभ दिन विचार गरी विधिवत कलश स्थापना गरी सुनको नक्षत्ररुपी मूर्ति बनाई पूजा गरी १०८ हवन गरी कलशको जलले अभिषेक गर्नुपर्दछ।

सक्रान्तिमा जन्मने व्यक्ति दुःखी दरिद्र हुने भएकाले घरको पूर्वपट्टि गोबरले लिपेर ३ ठाउँमा धान चामल राखी त्यसमाथि कलश स्थापना गरी सूर्य, चन्द्र र सक्रान्तिको ३ वटा सुनको मूर्ति स्थापना गरी सक्रान्तिको विधिपूर्वक पूजा गरी मृत्युञ्जय मन्त्र १००८ जपा गरी सोही मन्त्रले १०८ हवन गर्नुपर्छ।

ग्रहण जन्मफलः सूर्य तथा चन्द्र ग्रहणमा जन्म भएको बालक दुःखी, दरिद्र तथा रोगी हुने भएकाले जुन नक्षत्रमा ग्रहण परेको छ त्यस नक्षत्रको र सूर्य ग्रहण भए सुनको र चन्द्र ग्रहण भएका चाँदीको तथा राहुको सिसाको मूर्ति बनाई सूर्यलाई रातो, चन्द्रमालाई सेतो तथा राहुलाई कालो अक्षता तथा फूलले पूजा गर्नुपर्दछ।

तिथिगण्डान्त : पञ्चमी, दशमी तथा पूर्णिमाको अन्तिमको २ घटि र प्रतिपदा, षष्ठी र एकादशीको सुरुको २ घटि, **नक्षत्र गण्डान्त** : रेवती, अश्लेषा र ज्येष्ठाको अन्तिम २ घटि, अश्विनी, मघा र मूलको सुरुको २ घटि तथा **लग्नगण्डान्तः** मीन-मेष, कर्कट-सिंह र वृच्छिक धनुको सन्धिको १ घटि हुने भएकाले यी तीनै गण्डान्तजन्म यात्रादिमा मृत्युप्रद हुन्छ।

शान्तिविधिः गण्डान्त शान्ति सुतकको अन्तिम दिन वा शुभ दिनमा बाबुले गर्नुपर्छ। शान्ति नगरुन्जेल बाबुले मुख हेर्नु हुँदैन। तिथि गण्डान्तमा बाच्छो, नक्षत्र गण्डान्तमा बाच्छी, लग्न गण्डान्तमा सुन दान गर्नु पर्छ। गण्डान्तको पूर्वाद्धमा परे बाबु र पराद्र्धमा परे आमाका साथमा बालकलाई अभिषेक गर्नुपर्छ। जुन गण्डान्त परेको छ त्यास अनुसारको सुनको प्रतिमा बनाई हवन समेत गर्नुपर्छ।

मूलगण्डान्त : ज्येष्ठाको अन्तिम ५ घटि र मूलको सुरुको ८ घटि अभुक्त मूल हुन्छ। अभुक्त मूलमा बच्चाको जन्म भएमा ८ वर्षसम्म बाबुले मुख हेर्नु हुँदैन। किनकी अभुक्त मूल महाविघ्नकारी हुन्छ।

शान्तिविधिः मूल शान्ति १२ औं दिन, शुभ दिन वा अष्टम वर्षको अन्त्यमा गर्नुपर्दछ। आफ्नो घरको पूर्व वा उत्तरपट्टि मण्डप बनाएर यज्ञविधि अनुसार नक्षत्रेशको सुवर्णमूर्ति कलश माथि राखेर पूजा गर्ने। इन्द्र र वरुणको पनि पूजा गर्ने। १००० छिद्र भएको सहस्रधार (चाल्नो) समेत कलश स्थापना गरी दुबै कलशको जलले अभिषेक गर्ने। मुत्युञ्जय मन्त्रको जप गर्ने र दुबै कलशको जलले स्नान पनि गराउने।

ज्येष्ठा गण्डान्तको शान्ति पनि मूलगण्डान्त जस्तै गरी गर्नुपर्छ। तर यसमा प्रधान देवता इन्द्र, अधिदेव अग्नी र प्रत्यधिदेव राक्षस हुन्छ। खास गरी ज्येष्ठामा केटा-केटीको विवाहको समयमा विशेष रुपले शान्ति गर्नुपर्छ। लगातार ३ छोरा पछिको छोरी वा तीन छोरी पछिको छोरा जन्मेमा वितरयोग हुन्छ। वितरयोगले मातापिता र कूल समेतलाई अनिष्ट गर्दछ। शान्ति अनिवार्य गर्नुपर्दछ।

जातक मूल नक्षत्र जन्मफलः पहिलो पाउले पिता हान्छ, दोस्रोमा मातालाई कष्ट पर्दछन् । तेस्रोमा द्रव्यको नाश, चौथोमा त बेसै हुन्छ । रेवतीको चौथो पाउ कष्टकारक हुने गर्छ, अश्लेषाको दोस्रो पाउ धनहानी गर्छ । तृतीय पाउले माता कष्ट हुन्छ । मघाको पहिलो पाउले माता, दोस्रो पाउले पितालाई कष्ट पर्दछन् भने अश्विनीको पहिलो पाउ पिता कष्ट हुन्छ । चित्राको पहिलो र दोस्रो पाउ माता कष्ट हुन्छ । तिष्यको दोस्रो र तेस्रो पाउले पितालाई कष्ट गर्दछ । पूर्वषाढा र उत्तरषाढाको पहिलो र तेस्रो पाउ भाइ अनि स्वयम् जातकलाई कष्ट दिने हुन्छ । अश्लेषा नक्षत्रमा जन्मेका वर कन्याले सासु, मूलमा जन्मे ससुरा ज्येष्ठामा जन्मे जेठाजु/जेठान, विशाखामा जन्मे देवर/सालालाई कष्ट दिने हुन्छन् तर ज्येष्ठाको हेर्दा भभोगलाई १० भाग लगाउनु पहिलो भाग माता, दोस्रो भाग मातामह, तेस्रो भाग मामा, चौथो भाग आमा, पाँचौ भाग आफै, छैठौं भाग गोत्रीय, सातौं भाग कुलनाश, आठौं भाग दाजु, नवौं भाग ससुरा र दशौं भाग सर्वनाश हुन्छ ।

दाँत उम्रेको फल

महिना दिनभित्रै दाँत उम्रे त उही, बित्ला दो मा भाइ, तीनमा बहिनी । चारमा आमा, पाँचमा दाजु पिर्छ, महिना छैठौ देखि ता वेशै गर्छ । पहिले माथि उम्रने दाँतले त बा , उम्रि गर्भै भित्र जन्म हुँदी ता । आफै बाबा आदिमा कष्ट पर्दछन्, चाँडै गर्नु शान्ति ति दोष टर्दछन् ।

गर्भिणी प्रश्न विचार

रविभौमगुरुस्पर्शे
पुत्र भवति निश्चितम् ।
चन्द्रशुक्र बुधस्पर्शे
कन्या तत्र प्रजायते ।
शनिस्पर्शे गर्भपातो
राहुस्पर्शे सुतासुतौ ।
केतुस्पर्शे भवेत्क्लीबो
विचार्येत्थं वदेत्सुधी : ।

गर्भ सम्बन्धिको प्रश्नमा माथिको श्लोक र गर्भप्रश्न चक्र अनुसार फल बताउनु पर्छ ।

गर्भप्रश्न चक्र

बुध	शुक्र	चन्द्र
गुरु	सूर्य	मंगल
राहु	शनि	केतु

कलश चक्रम् रविभात

स्थान	न.	फल
मुखे	१	अग्निदाहः
पूर्व	५	जनवास शून्यः
दक्षिण	९	द्रव्य लाभः
पश्चिमा	१३	श्रीः प्राप्तिः
उत्तर	१७	कलहः
गर्भ	२१	विनाशः
गुद	२४	स्थैर्यशुभम्
कण्ठ	२७	स्थिरत्वम्

